मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक १२९ | २०८० साल चैत्र १७ गते शनिबार | Saturday 30, March 2024 | सूर्योदयः बिहान ५:५८ बजे | सूर्यास्तः साँझ ६:२१ बजे | पृष्ठ ४+४ | मूल्य रु. ५/-

वैभव
शनिबार ४ पृष्ठको वैभव


वैभव
राजदेवीः राजा जनकको कुलदेवी कति भ्रम कति सत्य ?

- वीरेन्द्र रमण - राजदेवीः राजा जनकको कुलदेवी, कति भ्रम कति सत्य ?
- ऋषिकेश यादव - युवाको अवस्था
- चीनः प्रतिबद्धता, खुलापन र साझेदारी
- सञ्जय साह मित्र - ईशहाक हुसैन बुढ्यौलीमा 'लिस्नु' चढ्न खोज्ने साहित्यकार
- रामकुमार एलन - झरना, म अझै पत्रकार छु ?

# गुणस्तरीय सेवा दिन चिकित्सकहरुलाई निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले गुणस्तरीय स्वास्थ्य सेवाका लागि प्रतिबद्ध हुन निर्देशन दिएका छन् । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमातहतको प्रादेशिक अस्पताल जनकपुरधाममा नवनिर्मित बर्थिङ सेन्टर उद्घाटन गर्दै उपप्रधानमन्त्री यादवले भौतिक संरचना निर्माण र प्राविधिक व्यवस्थापनले मात्र गुणस्तरीय स्वास्थ्य सेवा सम्भव नरहेको उल्लेख गरे ।

दक्ष जनशक्तिको प्रतिबद्धताले मात्र गुणस्तरीय स्वास्थ्य सेवा सम्भव रहेको उल्लेख गर्दै उनले चिकित्सकहरुलाई प्रतिबद्धताका साथ सेवामा जुटन निर्देशन दिए । उनले भने, 'सरकारले भौतिक पूर्वाधार र दक्ष जनशक्ति व्यवस्थापन गर्छ, गुणस्तरीय सेवाका लागि प्रतिबद्धता देखाउने जिम्मेवारी मिथिलाबासीको हो । मिथिलावासीलाई प्रमाणित गरेर देखाउनु पर्दछ ।'

मधेश प्रदेशले छिट्टै स्वास्थ्य क्षेत्रमा फड्को मार्ने विश्वास व्यक्त गर्दै उपप्रधानमन्त्री यादवले जनकपुर, राजविराज र वीरगंजमा स्वास्थ्य क्षेत्रको ठूलो प्रोजेक्टमा काम भइरहेको उल्लेख गरे । स्वास्थ्यलगायतका क्षेत्रमा अमेरिकी सहयोगका लागि अमेरिका सरकार र त्यहाँको जनतालाई धन्यवाद दिँदै उपप्रधानमन्त्री यादवले एमसिसीमार्फत भइरहेको विकास निर्माणको चर्चासमेत गरे ।




युएस इन्डो प्यासिफिक कमान्ड र युएस एम्बेसीको सहयोगमा करिब ६ करोड रुपैयाँको लागतमा निर्मित ७५ बेडको बर्थिङ्ग सेन्टर शिलान्याससमेत २०१८ नोभेम्बर १९ मा उपप्रधानमन्त्री यादवले नै गरेका थिए ।

प्रादेशिक अस्पतालमा वर्षेनी १२ हजार बढी प्रसुती हुँदै आएकामा बर्थिङ सेन्टर निर्माणले सुरक्षित प्रसुती सेवा प्रदान गर्न सहयोगी सावित हुने चिकित्सकहरुले बताए । यसका साथै मातृ मृत्युदर घटाउनसमेत मदत पुग्ने उनीहरुको भनाई थियो ।

प्रतिष्ठानका उपकुलपति डा. अंकुर साहको अध्यक्षतामा भएको समारोहमा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंह, ऊर्जा, खानेपानी तथा सिँचाइमन्त्री सिंगासन साकलवार, राज्यमन्त्री केशव राय चौधरी, संघीय स्वास्थ्य सचिव रोशन पोखरेल, अमेरिकी राजदूत डिनआर थम्सन, प्रदेशका स्वास्थ्य सचिव डा. प्रमोद यादव, प्रादेशिक अस्पतालका निर्देशक रामनरेश पण्डितसहितको सहभागिता थियो ।

# प्रजातन्त्र सेनानी मथुराको स्मृतिमा कार्यक्रम




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली लोकतान्त्रिक आन्दोलनका अविस्मरणीय योद्धा प्रजातन्त्र सेनानी मथुरा प्रसाद उपाध्यायको २७ औँ पुण्यतिथि विभिन्न कार्यक्रमसहित मनाइएको छ । शुक्रबार बिहान जानकी वृद्धाश्रममा नेपाली कांग्रेस जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ११ ले फलफूलसहितको राहत सामग्री वितरण गरेको छ ।

वडा सभापति सञ्जय प्रसाद साहको अगुवाईमा पूर्वमन्त्री तथा प्रदेश सांसद रामसरोज यादवसहितको विशेष उपस्थितिमा वृद्धाश्रमकी आमालाई राहत सामग्री वितरण गर्दै वृद्धाश्रमको वृहत हित, संरक्षण र विकासका लागि छलफल गरिएको छ । पूर्वमन्त्री यादवले जनकपुरधामको २५ वटै वडाबाट प्रतिनिधित्व गर्ने योद्धाहरुको स्मरणमा विभिन्न कार्यक्रम गर्न समिति नै बनाएर अगाडि बढ्नुपर्ने बताए । वृद्धाश्रमका अध्यक्ष तथा वडा नम्बर ९ का अध्यक्ष परमेश्वर साहले वृद्धाश्रमको अवस्थाबारे प्रकाश पारेका थिए । प्रदेश सदस्य जीवनाथ चौधरी, जिल्ला उपसभापति गणेश झा, युवा नेता प्रवेश चौधरी, सुरेश कोइराला, प्रमिला दास, प्रेस युनियनका नेता शैलेन्द्र झासहितको उपस्थिति थियो । त्यसैगरी, जनकपुरधामको वडा नम्बर ११ स्थित मनकामना सिद्ध हनुमान मन्दिर प्राङ्गणमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा वक्ताहरुले उपाध्यायले २०२८ सालदेखि २०३९ सालसम्म जनकपुरको नगरसभापतिको रुपमा पार्टीमा खेलेको भूमिका र त्यसबेलाको संगठन विस्तारको प्रशंसा गर्दै अहिले कांग्रेस भगवानभरोसे चल्ने गरेको बताए ।

जनकपुरधामका वर्तमान नगरसभापति तथा मेयर मनोज कुमार साहले जनप्रतिनिधि र कांग्रेसका वडा समितिबीच कुनै पनि समन्वय हुन नसक्दा संगठन सुस्त भएको बताए । एकाध वडाबाहेक कुनै पनि वडामा जनप्रतिनिधि र पार्टीबीच समन्वय हुन नसकेको उनले बताए ।

धनुषा पार्टी उपसभापति गणेश झा, पूर्व नगरसभापति धिरेन्द्र मोहन झा, बस व्यवसायी संघका अध्यक्ष तथा नेता मनोज चौधरी, पेट्रोलिय डिलर्श एसोसिएसनका अध्यक्ष किशुनदेव साह, गौ संरक्षण मञ्चका अध्यक्ष जगदीश महासेठ, उपाध्यायका सुपुत्र नेता प्रफुल्ल राज घिमिरेसहितकाले उपाध्यायले उठान गरेका सामाजिक मुद्दा र पार्टीको संगठनात्मक विस्तारको बाटो अबलम्बन गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा वक्ताहरुले उपाध्याय जस्ता पार्टी र समाजका लागि योगदान दिएका महान व्यक्तित्वको स्मरणमा गर्नुपर्ने कार्यक्रमहरुका लागि सबै वडा समिति सक्रिय हुनुपर्ने बताए । वडा सभापति संजय प्रसाद साहले विभिन्न व्यक्तित्वलाई सम्मान गरेका थिए ।

# 'भारत नेपालको लोकतन्त्रमा सफलता चाहन्छ'




**मधेशदृष्टि**
**काठमाडौं ।**
इन्डिया फाउन्डेसनका अध्यक्ष राम माधवले नेपाल आफ्नो कुनै पनि निर्णय लिन स्वतन्त्र रहेको बताएका छन् । नेपाल भारत संस्कृत सम्मेलन समापन समारोहमा उनले भने, 'नेपालमा जे जति हुन्छ, त्यो नेपाली समाजको इच्छाअनुसार नै हुन्छ । यहाँ बेलाबखत राजनीतिक कुरा चलिरहन्छन् । यहाँ यदि कोही हिन्दू राष्ट्रको कुरा गर्छ भने त्यसलाई भारतको षड्यन्त्र भन्ने गरिन्छ । म तपाईंलाई आश्वस्त पार्छु, यसमा कुनै षड्यन्त्र छैन ।'

राष्ट्रिय स्वयम्सेवक संघ भारतका अखिल भारतीय कार्यकारी मण्डलका सदस्य र भारतीय जनता पार्टीका पूर्व महासचिवसमेत रहेका राम माधव भने, 'नेपाल लोकतन्त्र हो, भारत पनि लोकतन्त्र हो । नेपालको लोकतन्त्र सफल होस भन्ने चाहान्छ भारत । र, नेपालको लोकतन्त्र सफल बनाउने जिम्मेवारी नेपालीहरुको नै हो । कोही पनि यसमा न त षड्यन्त्र गर्छ, न हस्तक्षेप । यसमा यदि नेपालले सहयोगको इच्छा देखाउँछ भने भने भारत सहयोगका लागि हरदम तयार छ ।'

उनले भने, 'यहाँ कस्तो शासन व्यवस्था चाहिन्छ ? यसको निर्णय यहाँका मानिसले नै गर्नुपर्छ । हामी साझा संस्कृति र साझा विरासतका मानिस हौं । यो राजनीतिक विषय नै होइन । यो सभ्यताको विषय हो । एउटै सभ्यताका व्यक्ति भएको नाताले हामीले एकआपसमा मिलेर काम गर्नुपर्छ । यो सम्प्रभुताका विषय होइन । युरोपका २७ देश मिलेर त्यहाँका कैयौँ मुद्दामा सामुहिक तवरमा छलफल गर्छन् र समस्या समाधान गर्छन् भने नेपाल र भारत मिलेर हाम्रो भाषा, संस्कृति अनि सभ्यताको पुनरूत्थानका लागि किन काम गर्न सक्दैनन् ? हामीले यो प्रयासलाई अगाडि बढाउनुपर्छ ।'

नीति अनुसन्धान प्रतिष्ठान, इन्डिया फाउन्डेसन र केन्द्रीय संस्कृत विश्वविद्यालयको संयुक्त आयोजनामा बुधबारदेखि सुरु भएको तीन दिवसीय अन्तरराष्ट्रिय संस्कृत सम्मेलन शुक्रबार सम्पन्न भएको हो ।

# 'नेपालमा रामराज्य व्यवस्था आवश्यक'

मुलुक भयावह र विकराल परिस्थितिमा रहेको भन्दै नेपालको आवश्यकता रामराज्य व्यवस्था रहेको रामराज्य परिषद्ले निष्कर्ष निकालेको छ । रामराज्य परिषद्ले शुक्रबार काठमाडौँस्थित मधेश मिडिया हाउसमा 'नेपालको आवश्यकता रामराज्य व्यवस्था' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरी यस्तो निष्कर्ष निकालेको हो ।

अन्तरक्रियामा परिषद्का अध्यक्ष जगतबहादुर थापाले २००७ सालताका युद्धपीडित दक्षिण कोरियाको अवस्था नेपालको भन्दा तल रहेको तर अहिले उसको प्रतिव्यक्ति आय झण्डै ३८ हजार डलर रहेको तर्क गर्दै नेपालको मात्र १ हजार ३ सय ९९ रहेको जिकिर गरे । उनले नेपालभन्दा पछि स्वतन्त्र भएका सिंगापुर, मलेसिया, ताइवानलगायत विश्वका धेरै देशले विकासको गतिमा नेपाललाई निकै पछि छाडिसकेको बताएका हुन् । 'हामीहरुले १ सय ४ वर्षे निरंकुश जहाँनिया राणाशासन, ३० वर्षे निर्दलीय पञ्चायती व्यवस्था, १० वर्षे विध्वंशात्मक जनयुद्धसमेत ३३ वर्षे कचिंगलयुक्त बहुदलीय, संसदीय शासन व्यवस्था देख्यौँ, भोग्यौँ तर अझै पनि स्थायित्व, शान्ति र समृद्ध पाउन सकेका छैनौँ,' अध्यक्ष थापाले भने, 'व्यवस्था परिवर्तन भए पनि आमनेपालीको दयनीय अवस्थामा भने कुनै परिवर्तन हुनसकेको छैन ।'

उनले जतिसुकै अग्रगामी र उत्कृष्ट संविधान भनिए पनि अहिलेको यो सातौँ संविधान पनि जातपात, भेद्भाव, भ्रष्टाचार, भागवण्डा, धर्मनिरपेक्षता जस्ता विकृति, विसंगति र विवादमा मात्र आधारित र अति खर्चिलो रहेको दाबी गरे । उनले भने, 'अहिले हाम्रो राष्ट्र, राष्ट्रियता र धर्मसंस्कृति मात्र संकटमा परेको छैन, समग्रमा सिंगो नेपालकै अस्तित्व नै संकटमा परेको छ ।' कार्यक्रमका वक्ताले धर्मयुद्ध, आमूल परिवर्तन, दर्शन, सिद्धान्त, राजनीतिक क्षेत्र, आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, सांस्कृतिक क्षेत्र र धार्मिक क्षेत्रबारे आआफ्नो धारणा राखेका थिए । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक प्रत्येक क्षेत्रमा आमूल परिवर्तन गर्न संगठन दृढ्ढ संकल्पित रहेको भन्दै बहुदलीयताको सट्टा दुईदलीय राज्य व्यवस्था र संसदीय प्रणालीको सट्टा रामराज्य सञ्चालन गरिने बताएका छन् । कार्यक्रममा जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'रामराज्य व्यवस्थामा मन्त्री र मन्त्रालय हुँदैनन् । भ्रष्टाचारलाई शून्य अवस्थामा ल्याउन सर्वाधिकारसम्पन्न संस्था लोकपाल जस्ता संस्थाको व्यवस्था गरिएको हुन्छ भने धुन्धुकारीलाई सत्मार्गी बनाउन धर्मपाल जस्तो समन्वयकारी संस्था व्यवस्था गरिएको छ । धर्मनियन्त्रित राज्य व्यवस्था रामराज्यको पक्षमा आफ्नै संविधान जारी गर्दै आफ्नै आध्यात्मिक साम्यवादी व्यवस्था लागू गरिन्छ । अनगिन्ति मन्त्री र मन्त्रालयको सट्टा जननिर्वाचित राज्य प्रमुखको नियन्त्रणमा रहने गरी ९ सचिव र सचिवालयमार्फत् रामराज्य व्यवस्था सञ्चालन गरिन्छ । नेपाललाई पुनः विश्वको एक मात्र हिन्दूराष्ट्र घोषणा गर्दै शान्ति क्षेत्र पनि घोषणा गरिन्छ ।'

# उद्योगी व्यवसायीको भूमिका महत्वपूर्णः रक्षामन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**
सङ्घीय सरकारका रक्षामन्त्री हरिप्रसाद उप्रेतीले मुलुकको अर्थतन्त्रको विकासमा उद्योगी, व्यवसायीको योगदान महत्वपूर्ण रहेको बताएका छन् । धनुषाको ढल्केबरमा आयोजित मधेश प्रदेश उद्योग परिसङ्घको प्रथम साधारणसभामा उनले यस्तो बताएका हुन् ।

रक्षामन्त्री उप्रेतीले मुलुकको समग्र अर्थतन्त्रलाई लिएर उद्योगी, व्यवसायीले निराशाको कुरा मात्रै गर्नु नहुने बताउँदै निजी क्षेत्र र सरकारको सहकार्यबाट मात्रै राष्ट्रको समृद्धि हासिल गर्न सकिने धारणा व्यक्त गरे । मुलुकको अर्थतन्त्र बलियो बनाउने जिम्मेवारी उद्योगी, व्यवसायीको काँधमा रहेको उनको भनाइ छ । रक्षामन्त्री उप्रेतीले मधेश प्रदेशका उद्योगी व्यवसायीको समस्या समधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

जनकपुरधामको विकासका लागि भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँग प्रस्ताव गरेको र उताबाट पनि सकारात्मक प्रतिक्रिया प्राप्त भएको उनले बताए ।

# आगामी नीति र बजेट जनमुखी हुनेछः प्रधानमन्त्री



**मधेशदृष्टि**
**हेटौँडा ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटलाई जनमुखी बनाउने तयारीका साथ सरकार अगाडि बढेको बताएका छन् । हेटौँडामा नेकपा माओवादी केन्द्रका स्थानीय नेता एवम् कार्यकर्तासँगको भेटमा प्रधानमन्त्री प्रचण्डले आर्थिक वर्ष २०८१–८२ को बजेट उत्पादन एवम् रोजगारी विस्तारमा केन्द्रित हुने र सोहीअनुसार नयाँ योजना तयार गर्न सरकार लागिपरेको बताए ।

'पछिल्लो समीकरण सरकारको गति बढाउन र जनताका आकांक्षा पूरा गर्ने उद्देश्यका साथ निर्माण भएको हो,' प्रधानमन्त्री प्रचण्डले भने, 'नयाँ समीकरण बनेको एक महिना नपुग्दै धेरै राम्रा काम अगाडि बढेका छन्, अब देशको आर्थिक क्षेत्र पनि चलायमान हुन्छ ।'

आगामी दिनमा सरकारले विकास र समृद्धिको यात्रालाई जोड दिएर जनताका आकांक्षालाई सम्बोधन गर्ने उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले सुशासन र विकासमा केन्द्रित रही आगामी दिनमा सकारात्मक नतिजा दिने विश्वास व्यक्त गरे । 'दिनदिनै काठमाडौँमा जुलुस गर्नुपर्ने अवस्था बदलिएको छ, सहकारी पीडितको समस्या समाधानतर्फ अगाडि बढेको छ,' प्रधानमन्त्री प्रचण्डले भने ।

माओवादी धारका पार्टीहरूबीच एकता प्रक्रिया अगाडि बढेको जानकारी दिँदै प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले आगामी दिनमा माओवादीहरू एकताबद्ध हुने र २०८४ को आमनिर्वाचनमा माओवादी सबैभन्दा ठूलो पार्टी बन्ने विश्वास व्यक्त गरे ।

# प्रश्नपत्र बाहिरिएको घटनामा विद्यार्थी पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
एसईईको प्रश्नपत्र बाहिरिएको घटनामा एक विद्यार्थीलाई प्रहरीले सिरहाबाट पक्राउ गरेको छ । जिल्लाको सुखीपुर नगरपालिकास्थित रजत जनक माविकी एक छात्रालाई प्रहरीले पक्राउ गरेको हो । गोलबजार नगरपालिकास्थित जनता मावि परीक्षा केन्द्रबाट एसईई दिएकी उनको साथबाट मोबाइलका साथसाथै प्रश्नपत्र र उत्तरसमेत फेला परेपछि पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

सिरहाका सिडिओ बासुदेव दाहालका अनुसार प्रश्नपत्र बाहिरिएका विषयमा राष्ट्रिय परीक्षा बोर्डमा रिपोर्ट पठाइएको र माथिबाट आउने निर्देशनको आधारमा निर्णय लिइने छ । शुक्रबार नेपाली विषयको परीक्षा भएकोमा गोलबजार नगरपालिका अन्तर्गतको चोहर्वा परीक्षा केन्द्रका साथै अन्य विभिन्न केन्द्रबाट पनि प्रश्न पत्र बाहिर पुगेको थाहा भएको छ । चिट बनाउन सक्रिय रहेको टोलीलाई परीक्षा हलबाट एक थान प्रश्नपत्र केन्द्राध्यक्ष र गार्डहरूकै सहयोगमा बाहिर निकालिएको बताइएको छ ।

त्यसैगरी, राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) अनुगमनका लागि जथाभावी बाँडिएका अनुमति पत्र रद्द गरेको छ । प्रदेश परीक्षा तथा व्यवस्थापन समिति र जिल्ला परीक्षा समन्वय समितिका आधिकारिक पदाधिकारी बाहेकको अनुगमन अनुमति पत्र बोर्डले रद्द गरेको हो । अनुगमनको नाममा आधिकारिक पदाधिकारी बाहेकका व्यक्ति परीक्षा केन्द्रहरूमा गएका कारण परीक्षार्थीहरूलाई असुविधा भएको बोर्डले जनाएको छ । अनुगमन अनुमति रद्द गरेका व्यक्तिको आवश्यकता परेमा पर्यवेक्षण मात्र गर्न लगाउने बोर्डले जनाएको छ ।

यसअघि प्रदेश परीक्षा तथा व्यवस्थापन समिति र जिल्ला परीक्षा समन्वय समितिले एसईई अनुगमनका लागि विभिन्न व्यक्ति तथा संस्थाका पदाधिकारीहरूलाई अनुमति पत्र दिएका थिए । एसईईका परीक्षार्थीहरूलाई उच्च मनोबल र निर्भयका साथ परीक्षामा सहभागी हुने वातावरण सिर्जना गर्नु सबैको दायित्व भएको बोर्डले जनाएको छ । मर्यादित रूपमा परीक्षा सञ्चालन गराउने व्यवस्था गर्न प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति र जिल्ला परीक्षा समन्वयलाई बोर्डले अनुरोधसमेत गरेको छ ।

# एसईईः रौतहटमा परीक्षा हलबाट पाँच सय बढी मोबाइल बरामद

**सञ्जय मिश्रा**
**रौतहट ।**
एसईई परीक्षालाई मर्यादित बनाउन सक्रिय स्थानिय प्रशासनले दोस्रो दिन शुक्रबार रौतहटस्थित विभिन्न परीक्षा केन्द्रबाट पाँच सय थान भन्दा बढी मोबाइल बरामद गरेको छ । यस पटकको परीक्षालाई मर्यादित बनाउन सिडियो हिरालाल रेग्मी, एसपी महेन्द्र कुमार श्रेष्ठसहितको टोलीले परीक्षा केन्द्रहरूमा गरेको अनुगमनको क्रममा उक्त मोबाइल बरामद गरेको हो ।





केन्द्राध्यक्ष, निरीक्षक, अभिभावक परीक्षार्थीको मिलोमतोमा परीक्षामा अमर्यादित गतिविधि भइरहेको सूचनाको आधारमा गौरस्थित जुद्ध मावि, मावि टिकुलिया, सरवस्ती मावि पिपरा, मावि ब्रहमपुरी, मावि मूडवलवा, शंकर मावि सरमुजवा, ब्रहमज्योति मावि लौकाहा, मावि गरुडा, मावि समनपुर, मावि कटहरिया, कंकाली मावि जंगलसैया, मावि बरजगवा, जयकिसान मावि धरहरी, मावि जुडिबेलालगायत जिल्लाको १८ स्थानीय तह अन्तर्गत ३१ वटा परीक्षा केन्द्रमा अनुगमनको क्रममा परीक्षार्थीबाट पाच सय थान भन्दा बढी मोबाइल बरामद गरिएको टोलीमा सहभागी जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन् । बरामद मोबाइलहरु जिल्ला प्रहरी कार्यालय गौरको नियन्त्रणमा रहेको तथा एसईई परीक्षा सकेपछि सम्बन्धित परीक्षार्थीलाई फिर्ता गरिने प्रवक्ता गिरीले जानकारी दिइन् ।

शुक्रवार पहिलो पटक मोबाईल फेला परेका परीक्षार्थी र केन्द्राध्यक्ष लगायत निरीक्षकहरुलाई सम्झाई बुझाई अब परीक्षा हलभित्र मोबाइल फोन नल्याउन भनिएकोले पुनः अनुगमनको क्रममा फेला परेमा परीक्षा ऐन अनुसार कारबाही गरिने प्रहरी प्रवक्ता डिएसपी गिरीले चेतावनी दिइन् । रौतहट स्थित जारी एसईई परीक्षामा कारागार र प्रहरी हिरासतबाट एक एकजना परीक्षार्थी सहभागी भएका छन् । एकजना जिल्ला कारागार गौर र अर्का एकजना परीक्षार्थी लागू औषध मुद्दामा रहेका इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मीनियामा प्रहरीको हिरासतबाट एसइईमा परीक्षामा सहभागी भएका हुन् । त्यस्तै एक जना दृष्टिविहीन परीक्षार्थी पनि परीक्षामा सहभागी भएको जिल्ला शिक्षा समन्वय इकाइ रौतहटले जनाएको छ ।

रौतहटमा ४५०८ छात्रा र ४९६१ छात्र गरि जम्मा ९४६९ परीक्षार्थी रहेकोमा शुक्रबार भएको अनिवार्य नेपाली विषयको परीक्षामा १२० छात्र र १४७ छात्रा गरी कुल २६७ परीक्षार्थी अनुपस्थित भएको शिक्षा समन्वय ईकाई प्रमुख रामबिनय कुमार सिंहले जानकारी दिएका छन् । माध्यमिक शिक्षा परीक्षा (नियमित, ग्रेडवृद्धि तथा प्राविधिक ) को पूर्वनिर्धारित समय तालिका अनुसार जिल्लाको ३९ वटा परीक्षा केन्द्रहरूमा एसईई परीक्षा सञ्चालन गरिएको शिक्षा समन्वय ईकाई रौतहटले जनाएको छ

बिगतको केही वर्षदेखि रौतहट स्थित एसईई परीक्षा सञ्चालन हुँदा अभिभावकहरुले खासै ध्यान दिएका थिएनन् । तर यस पटक जिल्लाको प्रायः सबै परीक्षा केन्द्रको छेउछाउमा परीक्षा हेर्ने अभिभावकहरुको भीड लागेको देखिएको छ । वर्षभरी बिद्यालयहरुमा पढाई नहुँदा स्थानिय प्रशासन तथा जनप्रतिनिधिले चासो नराख्नेहरु अहिले अनुगमनको नाउँमा परीक्षार्थीलाई अनावश्यक दुःख दिने गरेको कतिपयले बिरोधसमेत जनाएका छन् ।

# पर्साका चार सय बढी विद्यार्थी एसईईमा सहभागी भएनन्

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा चारसयभन्दा बढी परीषार्थी एसईईमा सहभागी भएका छैनन् । शुक्रबार दोस्रो दिन नेपाली विषयको परीक्षामा चार सय ३५ जना परीक्षार्थी अनुपस्थित भएको तथ्यांक सार्वजनिक भएको हो । दोस्रो दिनको परीक्षामा दुई सय २८ जना छात्रा र दुईसय १८ जना छात्र अनुपस्थित रहेको जिल्ला शिक्षा तथा समन्वय एकाई पर्साका परीक्षा सहायक गोपाल साहले जानकारी दिए ।

उनका अनुसार जिल्लाका २६ वटै केन्द्रहरुबाट चारसय ३५ जना नियमिततर्फका परीक्षार्थीहरु अनुपस्थित भएका हुन् । जिल्लाका ९ हजार ५ सय परीक्षार्थीहरुमध्ये ९ हजार २ सय ९८ जनाले मात्र नेपाली विषयको परीक्षा दिएको परीक्षा सहायक साहले बताए । ४ हजार ५ सय ९१ छात्रा र ४ हजार ९ सय १६ जना छात्रले मात्र शुक्रबारको परीक्षा दिएका हुन् । यस्तै ग्रेडवृद्धितर्फ १७२ छात्रा र १७३ छात्र गरी जम्मा ३३५ जनाले परीक्षा दिएका शिक्षा बिकास तथा समन्वय एकाई पर्साले जनाएको छ ।

# बालिका करणी गरेको आरोपमा कार्की पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
बारामा एक जना सुस्त मनस्थितिकी बालिकालाई करणी गरेको आरोपमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ । बाराको कोल्हवी नगरपालिका वडा नम्बर ८ नयाँ बस्तीका ३० वर्षीय प्रकाश कार्की विरूद्ध जबरजस्ती करणी मुद्दा दर्ता भएको हो । बारा जिल्ला अदालतबाट अनुमति लिएर कार्की विरूद्ध थप अनुसन्धान अघि बढाइएको बाराका प्रवक्ता डीएसपी दधिराम न्यौपानेले बताए । सोही वडा निवासी एक सुस्त मनस्थिति बालिकालाई कार्कीले चैत ८ गते राति ८ बजे अपहरण गरी दुई दिनसम्म राखेको पीडित परिवारको आरोप छ । पीडित बालिकाको स्वास्थ्य परीक्षण समेत भइसकेको प्रहरीले जनाएको छ ।

# जसपा निकट पिछडावर्ग महासंघद्वारा प्रशिक्षण कार्यक्रम

**बलराम कापरी**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपाल निकट भातृ संगठन पिछडावर्ग (ओबिसी) महासंघ नेपालको प्रशिक्षण कार्यक्रम सुरु भएको छ । केन्द्रीय अध्यक्ष भरतप्रसाद महतोको अध्यक्षतामा र जसपाका अध्यक्ष एवं उपप्रधानमन्त्री तथा स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवको प्रमुख आतिथ्यतामा पिछडावर्गको राष्ट्रिय प्रशिक्षण कार्यक्रम शुक्रबारदेखि सुरु भएको हो ।



मेचीदेखि महाकालीसम्मका २२ जिल्लाका केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला समितिका अध्यक्ष र पदाधिकारीहरुको प्रशिक्षकबाट प्रशिक्षित गरि पालिका र वडास्तरमा सन्देश दिने प्रशिक्षणको उदेश्य रहेको छ । सो कार्यक्रममा पिछडावर्ग महासंघ नेपालले पिछडावर्ग क्षेत्रमा संघर्ष र आन्दोलनमा विभिन्न समय र कालखण्डमा घाइते र जेलनेल जिवन बिताएका सहयोद्धाहरु मध्येबाट तीन जनालाई संघर्ष, आन्दोलन, पिछडावर्ग क्षेत्रमा अध्ययन, अनुसन्धान गरि पुस्तक प्रकाशन गरेका मनाई महतो सप्तरीलाई विज्ञ र विद्यावान पदवी प्रदान गरि सम्मान गरेको छ । त्यस्तै पिछडावर्ग क्षेत्र संघर्ष र आन्दोलनको क्रममा घाइते भइ जेलनेल जिवन बिताएको शंकर शर्मा झापालाई पिछडावर्ग सेनानी र पिछडावर्गको भाषा र संस्कृतिलाई संरक्षण तथा सम्वद्र्धन मगही भाषाको लोक गायक उदयकुमार यादव यदुवंशी धनुषालाई मगही भाषा गायकको पदवी प्रदान गरि महासंघ र जसपा अध्यक्ष उपेन्द्र यादवले दोसल्ला ओढाएर र प्रमाणपत्र दिएर तिनै जनालाई सम्मानित गरेको छ ।

कार्यक्रममा जसपा राजनिती समिति सदस्य उर्मिला साह, केन्द्रीय सदस्य बलराम महतो, केन्द्रीय सूचना तथा सञ्चार प्रमुख जितेन्द्र यादव, प्रदेश अध्यक्ष बालकिशोर यादव, प्रदेश कार्यकारिणी सदस्य ज्ञानेन्द्र यादव सदस्य चन्देश्वर महतो, शैलेन्द्र यादव र मधेस प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्री सुरिताकुमारी साह, मुख्यन्यायधिवक्ता बिरेन्द्र ठाकुर तथा पिछडावर्ग नेता तथा कार्यकर्ताहरुको सहभागिता थियो ।

# ट्राफिक नियम उल्लंघन गर्नेहरुबाट एक करोड बढी राजश्व



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा आठ महिनाको अवधिमा ट्राफिक नियम उल्लंघन गर्नेहरुबाट एक करोड रुपैयाँ भन्दा बढी जरिवाना असुली गरिएको छ । चालु आर्थिक वर्षको आठ महिनामै सवारीसाधनको कारबाहीबाट एक करोडभन्दा बढी रकम राजश्व संकलन भएको ट्राफिक प्रहरी कार्यालय पर्साले जनाएको छ । साउनदेखि फागुन मसान्तसम्ममा ट्राफिक नियम उल्लंघन गरेका विभिन्न खाले सवारीसाधनबाट एक करोड ५७ लाख ६९ हजार ६०६ रुपैयाँ जरिवानावापत राजश्व संकलन गरिएको ट्राफिक प्रहरी प्रमुख भाष्कर खतिवडाले जानकारी दिए ।

उनका अनुसार चालु आवको साउनदेखि फागुन महिनासम्म १५ हजार ५९१ सवारीलाई कारबाही गरिएको छ । कारबाहीमा परेका सबैखाले सवारीसाधनबाट उक्त रकम संकलन गरेको हो । यो गत आर्थिक वर्ष २०७९/८० को सोही समयको अवधिभन्दा ३१ लाख ४२ हजार ८९७ ले कम हो । गत आवको साउनदेखि फागुनसम्मको अवधिमा कार्यालयले एक करोड ८९ लाख १२ हजार ५ सय रुपैंया राजश्व संकलन गरेको थियो ।

ट्राफिक प्रहरीले खासगरी ट्राफिक नियम उल्लघंन गर्ने, मादक पदार्थ सेवन गरी सवारी चलाउने, बढी भाडा लिने, तोकिएको मापदण्ड तथा आवश्यकताभन्दा बढी भार बहन गर्ने वा ओभरलोड गर्ने, कागजपत्र नबोक्ने, लापरवाही तरिकाले सवारी चलाउने, सिटबेल्ट नबाध्नेहरुलाई जरिवाना रसिद काटेको थियो । ट्रक, बस, काररजिपरभ्यान, व्याक्टर, मोटरसाईकल र व्याम्पो लगायतका सवारीसाधनलाई कारवाही गरिएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

# शशीधर आधारभुत विद्यालयमा नयाँ नेतृत्व

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरीया नगरपालिका वडानम्बर १ वनकाटवामा रहेको शशीधर कृष्ण आधार आधारभुत विद्यालयमा शिक्षक अभिभावक संघ (शिअसं)को अध्यक्षमा पानालाल पटेल सर्वसम्मत निर्वाचित भएका छन् । शुक्रबार विद्यालयमा भएको अभिभावक भेलाले ११ सदस्यी शिक्षक अभिभावक संघ गठन गरेको हो । जसको सदस्यमा मुनिलाल साह कानु, सुनिल ठाकुर, कोशिला देवी, रंजना देवी, मुनी खातुन, नागेन्द्र महतो, देवनाथ महरा, सोनालाल साह, संतोष पासवान लगायत रहेका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्याम ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा पोखरीयाका नगर प्रमुख प्रधुमन चौहानको समेत सहभागिता रहेको थियो ।

# रोट्याक्ट क्लबद्वारा स्वास्थ्य उपकरण सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
रोट्याक्ट क्लब अफ वीरगंज मेट्रोपोलिसले कलैया प्रादेशिक अस्पतालमा स्वास्थ्य उपकरण सामग्री सहयोग गरेको छ । क्लबले एक कार्यक्रमको बिच अस्पताललाई पूर्ण स्वचालित प्रणाली, पूर्ण स्वचालित इलेक्ट्रोलाइट विश्लेषक र पूर्ण रूपमा स्वचालित इम्युनोफ्लोरेसेन्स विश्लेषक (GP 1100) हस्तान्तरण गरेको क्लबकी अध्यक्ष रेषु अग्रवालले जानकारी दिइन् । एक्सिस ग्रुपको सहयोगमा कलैया अस्पतालको लागि मेड टेक डोनेशन ड्राइभ परियोजना अन्तर्गत अस्पतालका मेसु डा अजय गुप्तालाई अत्याधुनिकचिकित्सा उपकरणहरू सहयोग गरिएको उनले बताइन् ।

# साढे १७ किलो गाँजासहित पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट स्थित जिल्लाको पश्चिमी भेगबाट प्रहरीले लागु औषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ । फतुवाबिजयपुर नगरपालिका वडा नम्बर ११ भैसही टोल बस्ने बर्ष ६३ को दयालाल पैसवानलाई साढे १७ किलो ग्राम लागु औषध गाँजासहित पक्राउ गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले जानकारी दिइन् । पैसवानको घरमा लागु औषध गाँजा लुकाई छिपाई राखेको बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय गौर र प्रहरी चौकी दुधिअवाबाट गएको संयुक्त टोलीले खानतलासी गर्दा लुकाई छिपाई राखेको १७ किलो ५०० ग्राम लागु औषध गाँजा बरामद गरेको प्रवक्ता गिरीले जानकारी दिइन् । गाँजा सहित दयालाल पैसवानलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी ईलाका प्रहरी कार्यालय लक्ष्मिनिया बिजयपुरमा राखि लागु औषध सम्बन्धि कसूर शिर्षकमा मुद्दा दर्ता गरी थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# जथाभावी फोहर फाल्नेबाट वीरगंज महानगरले उठायो २७ लाख




**रासस**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को आठ महिना अवधिमा जथाभावी फोहोर फाल्नेबाट ११ लाख ६५ हजार नौ सय जरिवानाबापत राजस्व सङ्कलन गरेको छ । जथाभावी फोहर फाल्ने व्यक्ति तथा संस्था गरी तीन सय ८० जनामाथि महानगरले कारबाही गरेको हो । महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सरफुद्दिन मियाँका अनुसार गत २०७९ पुस १७ गतेदेखि जरिवानाको नियम लागु भएकोमा हालसम्म नौ सय जना कारबाहीमा परिसकेका छन् । महानगरले २७ लाख दुई हजार छ सय पाँच रुपैयाँ जरिवानाबापत राजस्व सङ्कलन गरिसकेको छ ।

‘घर, पसल र कार्यालयबाट निस्किने फोहर जथाभावी फाल्ने प्रवृत्ति छ’, सरसफाइ शाखा प्रमुख मियाँले भने, ‘त्यो प्रवृत्ति निरुत्साहित गर्न हामीले जरिवाना गर्न थालेका हौँ ।’ अभियानलाई प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने महानगरको योजना छ । सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरको ३२ वटै वडामा तीन चरणमा नियमित सफाइ हुँदै आएको छ । वर्षायाम सुरु हुनुअघि महानगरपालिकाभित्रका सबै साना ठूला नाला सफा गरिसक्ने प्रमूख मियाँले बताए ।

‘मेयर साबको मुख्य चाहना सफा, सुन्दर र वैभव वीरगञ्ज बनाउने हो’ प्रमुख मियाँले भने, ‘त्यही योजनाअनुसार बिहान, दिउँसो र राति गरी तीन चरणमा नाला र सडक सफाइ गरिरहेका छौँ, तर सरसफाइ कर्मचारी हटाइएकाले समस्या भएको छ ।’ केही वर्षअघिसम्म वीरगंज महानगर दुर्गन्धित नगरका रुपमा चिनिन्थ्यो । वीरगंजलाई सफा महानगर बनाउने लक्ष्यका साथ योजना अघि बढाइएपछि अहिले सफा र सुन्दर देखिन थालेको छ । तर बजेट अभावको कारण सरसफाइ गर्ने कर्मचारी हटाएपछि चुनौती थपिएको प्रमुख मियाँको भनाइ छ ।

२०८० साल चैत्र १७ गते शनिबार
Saturday 30, March 2024

मधेशदृष्टि



# राजदेवी: राजा जनकको कुलदेवी कति भ्रम कति सत्य ?



वीरेन्द्र रमण

"

*मन्दिरलाई राजा जनकको कुलदेवीको भन्ने प्रश्न छ । त्यसमा निकै विवाद देखिएको छ । खास गरेर जनकपुरको विषयमा विस्तृत चर्चा रामायणमा पाइन्छ । त्यसमा पनि वाल्मीकि रामायणलाई धेरै प्रमाणित रुप मनाइएको छ । विवाहको समयमा छोरीले आफनो कुलदेवीको पूजा गर्ने परम्परा छ । जो मिथिलामा अहिले पनि चल्दै आएको छ । यसमा सीताले विवाह अर्थात स्यम्वरपूर्व गिरिजा देवीको पूजा गरेको रामायणहरुमा उल्लेख छ । जो देवीको मन्दिर अहिले पनि सीमावर्ती स्थान गिरिजा स्थानमा रहेको छ । मन्दिरमा रहेको मूर्तिको स्वरुपलाई हेर्ने हो भने निकै प्राचीन रहेको छ । रामायणमा गिरिजाको स्वरुपको विषयमा चर्चा रहेको छ । जो यस मूर्तिमा देख्न सकिन्छ । अर्को तर्फ रामायणमा कहीँ पनि राजदेवी मन्दिरको विषयमा चर्चा भएको पाइँदैन । तुलसी दासले लेख्नु भएको रामायणमा समेत गिरिजा पुजनको विषयमा नै विशेष रुपमा चर्चा भएको पाइन्छ ।*

जनकपुरधामको राम मन्दिरछउमा रहेको राजदेवी मन्दिरलाई राजा जनकको कुलदेवीको रुपमा पूजा गर्ने गरिएको छ । यहाँ निर्माण गरिएको गेटमा समेत राजा जनकको कुलदेवीको रुपमा उल्लेख गरिएको छ । राजदेवी राजा कुलदेवीको विषयमा कतिपयले यसमा सत्यता नरहेको बताइरहेका छन् भने कतिपयले यो नै राजा जनकको कुलदेवी भनेर चर्चा गरिरहेका छन् । देवी कुनै पनि देवता हो, जो महिला होस् वा जसलाई नारी रूपमा मानिन्छ । हिन्दू धर्ममा पार्वती, दुर्गा, काली, सरस्वती, गंगा, लक्ष्मी र सीता, राधा, बालासुन्दरी, साकम्भरी जस्ता धेरै देवीदेवता छन् । वास्तवमा सबै देवी एउटै आदिशक्तिका विभिन्न रूप हुन् ।

आदिशक्ति वा आदि पराशक्ति वा महादेवी दुर्गालाई सनातन, निराकार, परब्रह्म, ब्रह्माण्डभन्दा परको परमशक्ति मानिन्छ । शाक्त सम्प्रदायका अनुसार यो शक्ति मूलतः निर्गुण हो, तर जब निराकार ईश्वर, जो न पुरुष हो न नारी, ले ब्रह्माण्डको सृष्टि गर्नु हुन्छ, तब आदि पराशक्तिको रूपमा, इच्छाको रूपमा ब्रह्माण्डको सृष्टि गर्नुहुन्छ । प्रजननको रूपमा संसारको सृष्टि गर्दछ, पालन र कर्म को रूपमा, उहाँले सम्पूर्ण ब्रह्माण्डको गति र बल प्रदान गर्नुहुन्छ । प्रत्येक सम्प्रदायमा आदि पराशक्तिको विभिन्न रूपमा पूजा गरिन्छ, शाक्त सम्प्रदायमा ब्रह्मशक्तिको रूपमा पूजा गरिन्छ, जसमा काली कुल र श्रीकुल नामका दुई कुल छन, अन्य केही शाक्तहरूले भगवती दुर्गालाई आदिको रूपमा मान्दछन् । वैष्णव सम्प्रदायका अनुसार भगवती श्री महालक्ष्मी र उनका अवतारहरू जस्तै राधा, सीता, रुक्मिणी आदि । आदि पराशक्ति हो, शैव सम्प्रदायले माता पार्वती वा साकम्भरीलाई आदिशक्तिको सगुण रूप मान्छन, शिखहरू पन्त शक्तिलाई निर्गुण मान्छन्, उनीहरूका अनुसार चण्डी अकालपुरुखको ऊर्जा शक्ति हो । देवी भागवत, अथर्ववेद, मार्कण्डेय पुराण जस्ता प्राचीन ग्रन्थका अनुसार देवी आदि शक्तिको उत्पत्ति भएको हो ।

अर्थात् रहेक सम्प्रदायमा कुनै न कुनै रुपमा शक्तिको आराधना गरिन्छ । शक्तिको आराधनाको मूलकारण नै शक्ति आर्जन गरिनु हो । त्यसकारणले रहेक सम्प्रदायमा भिन्न स्वरुपमा भएपछि शक्तिको उपासनाको प्रावधान रहेको छ । विशेष गरेर चैत्र महिनाको नवरात्री किन नहोस्, सबैतिर शक्तिको उपासना गरिने चलन छ ।

शक्तिको उपासना शक्तिका अनुयायीलाई प्राय शाक्त भनिन्छ । शाक्तहरूले शक्तिको उपासना मात्र गर्दैनन्, तर यसको शक्ति अभिव्यक्तिलाई मानव शरीर र जीवित ब्रह्माण्डको शक्ति वा ऊर्जामा वृद्धि, नियन्त्रण र रूपान्तरण गर्ने प्रयास पनि गर्छन् । विशेष गरी, शक्ति कुण्डलिनीको रूपमा मानव शरीरको गुदाको आधारमा अवस्थित छ भन्ने विश्वास गरिन्छ । यो कुण्डलिनी शक्तिलाई जटिल ध्यान र यौन–योग अनुष्ठानमार्फत जगाउन सकिन्छ । यस अवस्थामा यो सुक्ष्म शरीरको सुषुम्नाबाट माथि उठ्छ । बाटोमा धेरै चक्र पार गर्दै, जबसम्म उनी शिरको शीर्षमा रहेको अन्तिम चक्रमा प्रवेश गर्छिन् र त्यहाँ आफ्ना पति–प्रिय शिवसँग परमानन्दमा भेटिन्छिन् । भगवती र ईश्वरको पौराणिक मिलन मनो–शारीरिक रूपमा परमानन्द–रहस्यमय समाधिको रूपमा अनुभव गरिन्छ, जसको विस्फोटक परमानन्द कपाल क्षेत्रबाट उठ्छ र उल्लास र गहिरो बाढीको रूपमा शरीरभर तल बग्छ ।



मिथिलामा विभिन्न सम्प्रदायमा मध्ये शाक्त सम्प्रदायको समेत महत्व उत्तिकै रहेको छ । घरघरमा मिथिलामा शाक्त सम्प्रदायको पूजा अराधना गरिन्छ । यीनै मध्ये महत्वपूर्ण स्थलको रुपमा रहेको छ जनकपुरको राजदेवी मन्दिर । जसलाई शक्ति उपासनाको केन्द्रको रुपमा लिइने गरिन्छ । भवनाको शंकरको अर्द्धांगनी सतिको शरीरको पात भएको ठाउँ प्रमुख शक्ति केन्द्रको रुपमा उदय भएको छ । तर कतिपय खोज भइरहेको छ भने कतिपयको लोप अवस्थामा रहेको छ । खास गरेर मिथिला क्षेत्रमा समेत सतिको शरीरको पात भएको थियो तर कुन ठाउँमा भएको, त्यो भ्रष्ट नभएका कारणसमेत शक्ति उपासनाको केन्द्र मिथिला भएपछि यस विषयमा भने कुनै ठोस प्रमाण भएको पाइँदैन । यो प्रसिद्ध राजराजेश्वरी देवीको मन्दिर जनकपुर बजारमा राम मन्दिरको छेउमै उत्तरतर्फ अर्को प्राङ्गणमा पर्दछ ।

यहाँ पहिले माटोको पिण्डको रूपमा रहेको मूर्तिलाई पछि पित्तलले मोडेर मूर्तिको रूप दिइएको छ । दक्षिणाभिमुख भएकी यी देवीको दर्शन गर्न कोठा भित्र जानु पर्दछ । कतिपयले झ्यालबाटै पनि दर्शन गर्दछन । त्यहाँ देवीको प्रतीक मूर्तिलाई चाँदीको ढकनीले छोपेको हुन्छ । पहिले त्यहाँ आफ्ना कुलदेवीलाई घरमै राख्ने चलन हुँदा यहाँको मन्दिरको स्वरूप घरजस्तै देखिन्छ । यिनलाई दगदिवीको रूपमा मानिएको छ । यी देवीलाई तत्कालिन मिथिलाका राजा जनकको इष्टदेवीको रूपमा मानिएको छ । शक्तिपीठको नौलो परम्परामा यस मन्दिमा महिलालाई प्रवेश गर्न दिइँदैन । किन कि पहिलो मासिकधर्म भएको बेला महिला अपवित्र हुन्छन । कुन महिला पवित्र छिन कुन छैनन् भन्ने कुरा सम्बधित महिला बाहेक अरूलाई थाहा नहुँने भएकाले यस्तो रोक लगाइएको हो भनिन्छ । यस्तो अवस्थामा मन्दिरः प्रवेश गरेमा पाप लाग्ने हुन्छ भनिन्छ । यी राजदेवीको निष्ठापूर्वक पूजा गरेमा बोक्सीलाई अनिष्ठकारी सिद्धि हुने र महिला प्रायः बोक्सी हुन्छन् भन्ने अन्धविश्वासका कारण पनि महिलाको प्रवेशमा रोक लगाइएको कुरा स्थानीय बताउँछन् ।

विशेषतः सप्तमीका दिन रातो कपडाले बेरेको बेलको वृक्षमुनि बाजागाजा र सरकारी सम्मानका साथ गई बेलको वृक्षमा पूजा गरी बेल टिपेर ल्याइ मन्दिर भित्र राखिन्छ । यसलाई स्थानीय भाषामा 'बेलतोडी' भनिन्छ । यस मन्दिरमा बडादशैँको महाष्ठमीको राती हजारौँ संख्यामा बोका बली चढाइन्छ । भगवती दुर्गाले देवताको अनुरोधमा ठूलाठूला दानवलाई संहार गर्न महाष्टमीकै राति बिकराल स्वरूप धारणा गरेका महिषासुरमर्दिनी जगदम्बा कालिकाले अवतार लिएको विश्वासले भगवतीका गणलाई खुसी पार्न बलीप्रथा चलेको भनिन्छ । सो बलीको प्रसाद राममन्दिरका महन्त पूजारीहरू समेतले आदिशक्ति जगदम्बा कालिका अवतारको प्रसाद सम्झी सो एक दिनको बलीको प्रसाद ग्रहण गर्दछन् । दशैँको पर्वमा घटस्थापनादेखि दशमीसम्म प्रतिदिन कहिले दीपोत्सव, कहिले पुष्पहार, श्रृङ्गारहरूका साथै मिष्टान्न पनि अर्पण गर्ने गरिन्छ ।



जहाँसम्म यस मन्दिरलाई राजा जनकको कुलदेवीको प्रश्न छ । त्यसमा निकै विवाद देखिएको छ । खास गरेर जनकपुरको विषयमा विस्तृत चर्चा रामायणमा पाइन्छ । त्यसमा पनि वाल्मीकि रामायणलाई धेरै प्रमाणित रुप मनाइएको छ । विवाहको समयमा छोरीले आफनो कुलदेवीको पूजा गर्ने परम्परा छ । जो मिथिलामा अहिले पनि चल्दै आएको छ । यसमा सीताले विवाह अर्थात स्यम्वरपूर्व गिरिजा देवीको पूजा गरेको रामायणहरुमा उल्लेख छ । जो देवीको मन्दिर अहिले पनि सीमावर्ती स्थान गिरिजा स्थानमा रहेको छ । मन्दिरमा रहेको मूर्तिको स्वरुपलाई हेर्ने हो भने निकै प्राचीन रहेको छ । रामायणमा गिरिजाको स्वरुपको विषयमा चर्चा रहेको छ । जो यस मूर्तिमा देख्न सकिन्छ । अर्को तर्फ रामायणमा कहीँ पनि राजदेवी मन्दिरको विषयमा चर्चा भएको पाइँदैन । तुलसी दासले लेख्नु भएको रामायणमा समेत गिरिजा पुजनको विषयमा नै विशेष रुपमा चर्चा भएको पाइन्छ ।

त्यसपछि जनकपुरको विषयमा सबै भन्दा बढ िप्रमाणिक लेखिएको पुस्तकको मिथिला महात्म, यसमा समेत राजदेवी मन्दिरको विषयमा चर्चा भएको पाइन्छ । यस्तो अवस्थामा राम मन्दिरको निर्माणको समयमा यहाँ कुलदेवीको रुपमा स्थापना गरिएको हुनसक्ने विश्वाससमेत छ । मिथिला वा रायाणकालीन कतिपय इतिहासहरु मौखिक जनविश्वासको आधारमा समेत चल्दै आएको छ । कारण कतिपय ग्रन्थमा वर्णन गरिएको स्थान खोजमा समस्या भइरहेको अवस्थामा यसको आस्था र जनबोलीलाई नै विश्वास गर्नुपर्ने आधार रहेको छ ।

मिथिलामा मात्रै होइन एउटा मौखिक रोचक किंवदन्ती अयोध्यायमा समेत सुन्न पाइन्छ । सीताको विवाह भएपछि बिदाई गर्ने क्रममा कुलदेवीले म सीतासँग जान्छु भनेर सीतासँग हिँडेको र अयोध्यामा देवी कलि नामको स्थान रहेको त्यहाँ रहेको मन्दिरमा देवीको स्थापना गरिएको छ । त्यो देवी जनकपुरबाट सीताले बिदाईको क्रममा ल्याएको त्यहाँ धार्मिक मान्यता छ । यस्तै, आधारमा राजदेवीको विषयमा समेत यिनै धार्मिक आस्थाले स्थापना गरेको मान्यता हुनसक्ने कतिपयको बुझाइ रहेको छ । जसलाई दशैँको समयमा पूजापाठ गर्दै आएको युवा क्लबहरुको पदाधिकारीहरु समेत स्वीकार गर्छन् । तर किंवदन्ती यति स्थापित भइरहेका छन कि जनकपुरसहित सम्पूर्ण मिथिलामा नै यो नै राजा जनकको कुलदेवी हो भन्ने मान्यता स्थापित गरिदिएको छ । करिब २०४७ पूर्व देवी नै यो मान्यता स्थापित भएको र युवा क्लबहरुले यस मन्दिरको पूजा गर्ने जिम्मेवारी लिएपछि यस मान्यताले झनै मान्यता पाएको देखिन्छ ।

जनकपुरमा पाइएको जति धार्मिक पुस्तकमा प्रमाणिताका साथ राजदेवीको विषयमा खासै चर्चा भने पाएको देखिँदैनन । अहिलेसम्म जनआस्थाको आधारमा राजा जनकको कुलदेवी रहेको मान्यतालाई स्थापित गरेको छ । त्यसमा पनि यहाँ पूरा भएको भाकलका कारण समेत मिथिला क्षेत्रमा यस मन्दिरलाई राजा जनकको कुलदेवीको मात्यतालाई स्थापित गरेको छ ।

युवा मन

# युवाको अवस्था



ऋषिकेश यादव

युवा जनशक्ति कुनै पनि देशको शक्ति हो । देशभित्र रहेका युवालाई राम्रोसँग परिचालन गर्न सकिएन भने त्यो देशको दुर्भाग्य हुनेछ । युवामा नयाँ सोच, काम गर्ने शैली अलि फरक हुन्छ । कतिपय देशमा, आफ्नो देशभित्र रहेका युवालाई राम्रोसँग व्यवस्थापन गरी देशमै राखेका हुन्छन् । नेपालमा भने युवाको अवस्था बेहाल छ । नेपालमा जनसंख्याको १६ देखि ४० वर्षको उमेर समूहलाई हेर्दा यी कूल जनसंख्याको ४०.३५% हुन आउँछ ।

नेपालमा शिक्षित युवा होस् वा अशिक्षित युवा होस्, उनीहरूलाई राम्रोसँग व्यवस्था गर्न सकिएको छैन । देशभित्र हरेक वर्ष उत्पादन हुने करिब ४ लाख ५० हजार जनशक्ति छ । यो क्रियाशील जनशक्ति ६२ प्रतिशत निराश भएर बसेको छ । देशमै रहेको युवा देशका लागि केही गर्न चाहनामा छन् तर देश हाँक्ने जनप्रतिनिधिलाई युवाको सीप, कला, तथा सोचप्रति मतलब नै छैन । युवा विभिन्न क्षेत्रमा अब्बल रहे पनि जनप्रतनिधिले सहयोग नगरेर पछाडि छन् । उदाहरणका लागि भारतमा युवालाई आफ्नो सीप, कला वा क्षमता देखाएर भारत धेरै नै विकास भइसकेको छ । कुनै पनि क्षेत्रमा अब्बल भइसकेको व्यक्तिले आफूले युवालाई मौका नदिएको भएर युवामा भएको सीप, कला वा क्षमता अरुसामु देखाउन सकेको छैन । संविधानले परिकल्पना गरेको सीप, पूँजी र प्रविधि प्रयोग गर्नका लागि सहि प्लेटफर्म हुनेछ ।

करिब एक करोड सात लाख युवा जनशक्तिलाई देश विकासमा समेत, युवाको विकासका लागि आवश्यक ठानेर विस. २०६५ मा युवा तथा खेलकुद मन्त्रालय स्थापना भयो । मन्त्रालयअन्तर्गत राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय युवा परिषद र नेपाल स्काउट छन् । नेपाल सरकारको सबैभन्दा बढी ऊर्जाशील, गतिशील, अनिवार्य जनशक्ति भएको मन्त्रालय हो युवा तथा खेलकुद मन्त्रालय र यसअन्तर्गत युवा स्वरोजगार कार्यक्रम, राष्ट्रिय विकास स्वयम्सेवक सेवा, युवा तथा साना लगानी बोर्ड गठन भइसकेको अवस्थामा पनि समग्र युवाको हितमा सम्बन्धित मन्त्रालय र निकायका नेतृत्वको सक्रियता र पहलकदमी देखिदँैन । परम्परागत कार्यक्रमले युवाको क्षमता अभिवृद्धि हुनसकेको छैन ।

युवा हरेक क्षेत्रमा दक्ष छन् । शिक्षामा होस्, राजनीति, प्रविधि, खेलकुद तथा अन्य क्षेत्रमा अहिलेको अवस्थामा हेर्ने हो भने शिक्षित युवा पनि बेरोजगार भएर बसेका छन् । आफूसँग शैक्षिक योग्यता हुँदा पनि बेरोजगार भएर बस्नु परेको छ । सरकारले युवाप्रति खासै वास्ता नगरेकै जस्तो देखिन्छ । युवाले व्यवसाय गर्न खोज्दा पनि देशको आर्थिक अवस्था राम्रो छैन । युवा विभिन्न क्षेत्रमा अब्बल रहे पनि सरकारको ध्यान युवाप्रति नभएर जुन युवामा आफूभित्र रहेको क्षमता, सीप वा कला देखाउनबाट पछि परिरहेका छन् । एक वा दुई महिना अगाडि कुरा हो, नेपाली युवा खेलाडी आफ्नो भविष्य नेपालमा नदेखेर विदेश पलायन हुनुपरेको छ । शिक्षित युवा होस् वा अशिक्षित युवा होस्, उनीहरुको अवस्था बेहाल छ ।

नेपालमा जन्मेर संसारको उत्कृष्ट इन्स्टिच्युटमा कार्यरत नेपालीको ज्ञान स्वदेशमा कसरी ल्याउन सकिन्छ, यसमा राम्रोसँग अध्ययन, अनुसन्धान गरी सम्भावनाका क्षेत्र पहिचान हुन जरुरी छ । दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजनाबाट नेपालको क्रियाशील युवाशक्तिलाई परिचालन गर्न उनीहरुको ज्ञान, पूँजी र प्रविधिलाई जोड्नुपर्छ ।

कतिपय युवा नेपालमा अवसर नदेखेर भारततिर पनि गएका छन् । त्यसैले सरकारले युवालाई आफ्नै देशमा राम्रोसँग व्यवस्था गर्नुपर्छ । तीन तहको सरकारले अब युवालाई कसरी व्यवस्थित गर्न सकिन्छ, त्यसतर्फ ध्यान दिनुपर्छ । देशभित्र बन्द रहेको उद्योग तथा कलकारखानालाई सञ्चालनमा ल्याइनु पर्छ । जनप्रतिनिधिले युवाको अवस्था हेरेर देशभित्रै उनीहरुलाई व्यवस्थित गर्नुपर्दछ ।

देशमा अडिएका युवा पनि धेरै बेरोजगार बस्न बाध्य छन् । त्यसो त नेपालमा उद्यम गर्ने चाहना भएका युवा नभएका पनि होइनन् तर उद्यम गर्नेका लागि भनेर पाइने विशेष सहुलियतमा सबैको पहुँच छैन भने बजार अत्यधिक महँगो हुनाले उद्यमीलाई व्यवसाय चलाउनै मुस्किल छ ।

निष्कर्षमा सरकारले युवालाई स्वदेशमै रोजगारीको व्यवस्था मिलाउनुपर्छ । कतिपय शिक्षित युवा देशमै बसेर बेरोजगार हुनु भनेको पूरै देशको राष्ट्रिय पूँजी निर्माण निष्क्रिय हुनु हो ।

छरछिमेक

# चीनः प्रतिबद्धता, खुलापन र साझेदारी

यस वर्ष सन् २०२४ को बोआओ फोरमको एसियाली वार्षिक सम्मेलनमा विश्वले सामना गरिरहेका साझा चुनौतीलाई सम्बोधन गर्न थप ऐक्यबद्धता र सहकार्यका लागि चीनले आह्वान गरेको छ । चीनको अगुवाईमा सम्पन्न सम्मेलनमा चीनले थप खुलापन र साझा विकासका आकांक्षा परिपूर्तिका लागि प्रतिबद्धतासमेत व्यक्त गरेको छ । चीनले पछिल्ला वर्षहरुमा उच्च—गुणस्तरयुक्त विकास समेतका सबै मोर्चामा तिब्र विकास गरिरहेको जनाउँदै यसबाट विश्व अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने तथा सबै देशको समतामूलक विकासका लागि बढीभन्दा बढी अवसर सिर्जना हुने अपेक्षा पनि गरेको छ ।



वार्षिक सम्मेलनको उद्घाटनका अवसरमा सम्बोधन गर्दै चीनका वरिष्ट सांसद झाओ लेजीले समतामुलक यस विकास प्रयासबाट एसियाली छिमेकी मुलुकहरु अझ बढी लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो ।

साझा विकास प्रतिबद्धता

हाल विश्वले नै कमजोर आर्थिक पुनरुत्थान र क्षेत्रीय द्वन्द्व समेतका गम्भीर चुनौती सामना गरिरहेको छ । यी विषयलाई सम्बोधन गर्न र आफू अनुकूलका परिणामहरु हासिल गर्न देशहरुबीच ऐक्यबद्धता र सहयोग अत्यावश्यक भइसकेको छ ।

नेसनल पिपल्स कङ्ग्रेस स्थायी समितिका अध्यक्ष झाओले एसियाली मुलुकहरुलाई तटस्थ रहन, एकता मार्फत शक्ति सञ्चय गर्न, एकात्मकतालाई अस्वीकार गर्न तथा कुनै एक पक्षमा आबद्ध नहुन तथा एसियालाई भूराजनीतिक प्रतिस्पर्धाको क्षेत्र हुनबाट रोक्न आह्वान गर्नुभयो । झाओले भन्नुभयो, ‘चीनले समान र नियमबद्ध बहुध्रुवीय विश्वको पक्षमा वकालत गर्दछ ।’ साथै उहाँले विश्वले समान रुपमा लाभ प्राप्त गर्ने तथा समतामूलक आर्थिक वैश्वीकरणको पक्षपोषण गर्ने बताउँदै ध्रुवीय विवादको पश्चगामी मानसिकताबाट माथि उठ्न र सही अर्थको बहुपक्षीयता अभ्यास गर्न तथा खुला विश्व अर्थतन्त्रका लागि मिलेर अघि बढ्न सबै मुलुकसँग आग्रह गर्नुभयो ।

चीन साझा विकास लक्षप्रति प्रतिबद्ध रहेको बताउँदै झाओले भन्नुभयो, ‘चीन अहिले विश्वका १४० भन्दा बढी देशसँग मुख्य व्यापारिक साझेदार रहेको छ । साथै, धेरै मुलुकमा लगानीको मुख्य स्रोतका रुपमा चीन रहेको छ र विश्वका अधिकांश मुलुकका लागि महत्वपूर्ण लगानी गन्तव्यका रुपमा स्थापित छ ।’

मानवताको साझा भविष्य निर्माण गर्नेतर्फ प्रस्ताव गरिरहेको चर्चा गर्दा झाओले अगाडि भन्नुभयो, ‘विश्वका सबैजसो मुलुकमा राम्रो भविष्यका लागि चिनियाँ शैलीको समाधान अगाडि बढाइएको छ ।’

वर्षौंदेखि चीनले अघि बढाएका बेल्ट एन्ड रोड कार्यक्रम (बिआरआइ), ग्लोबल डेभलपमेन्ट कार्यक्रम (जिडिआई), ग्लोबल सेक्युरिटी कार्यक्रम (जिएसआई) र ग्लोबल सिभिलाइजेसन कार्यक्रम (जिसिआई) ले समृद्धि र स्थायित्वमा महत्वपूर्ण योगदान गरिरहेको छ । विश्व प्रसिद्ध औषधि उत्पादक कम्पनी अस्ट्राजेनिकाका प्रमुख कार्यकारी अधिकृत पास्कल सोरिओटले अर्थतन्त्रलाई बढावा दिन, नवप्रवर्तन प्रविधिलाई अगाडि लैजान तथा अर्थतन्त्रको खुलापनका लागि गरिएका प्रयासमा चीन सरकारको प्रस्ट योजनाबाट आफू निकै प्रभावित बनेको बताउनुभयो ।

खुलापनका लागि प्रतिबद्धता

चीनले विकास पथमा विश्वलाई नै डो¥याउन प्रतिबद्धता व्यक्त गरेको छ । झाओले आफ्नो सम्बोधनमा विश्वकै लागि चीनले आफ्नो ढोका खुला राखेको छ भन्नुभयो । उहाँले भन्नुभयो, ‘चीनले उच्चस्तरको अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापारिक नियमहरुलाई आत्मसात गरेको छ र व्यवसाय—मैत्री वातावरण निर्माण गरिएको छ जुन बजारमुखी, कानुन आधारित र विश्वस्तरीय छ ।’

‘चीनले विदेशी लगानीलाई सहज तुल्याउन नकारात्मक सूचीलाई थप साँघुरो बनाएको छ भने उत्पादन क्षेत्रको पहुँचमा रहेका सबैजसो अवरोधलाई हटाइसकेको छ,’ झाओले भन्नुभयो ।

केही वर्षदेखि चीनले खुलापनलाई निरन्तर अघि बढाउँदैछ । यसका लागि चीनले खुला व्यापार क्षेत्रहरु स्थापना गरेको छ भने विदेशी लगानीका लागि कतिपय क्षेत्रहरुको विस्तार गरेको छ । बहुपक्षीयतामा चीनको पूर्ण समर्थन छ, झाओले अगाडि थप्नुभयो । उहाँले एसियाली मुलुकहरुले व्यापारिक संरक्षणवादको खुलेर विरोध गर्न तथा सबै प्रकारका अबरोधहरु हटाउनेतर्फ सामूहिक आवाज उठाउन आह्वान पनि गर्नुभयो । चीनको आर्थिक दृष्टिकोण सम्बन्धमा भएको छलफलमा बीएफए सल्लाहकार परिषद्का सदस्य एवम् फ्रान्सका पूर्व प्रधानमन्त्री जीन पियरे राफेरिनले एकात्मक ढाँचाको नीतिले अर्थतन्त्रको बृद्धिमा सहयोग नगर्ने बताउँदै गत वर्ष ५ प्रतिशतभन्दा बढी देखिएको खुला चिनियाँ अर्थतन्त्र विश्वकै लागि सुखद समाचार हो भन्नुभयो । ‘तपाईँसँग धेरै युवा जनशक्ति छ, राम्रा विश्वविद्यालय छन्, सुविधासम्पन्न अनुसन्धान केन्द्रहरू छन्, र धेरै मानिसले काम पाइरहेका छन्,’ राफेरिनले भन्नुभयो । उहाँले चीनको नवप्रवर्तन अभियान विश्वकै लागि महत्वपूर्ण योगदान रहेको बताउनुभयो ।

पछिल्ला वर्षहरूमा, भूमण्डलीकरण र व्यापार बहुपक्षवादले केही देशहरूमा व्याप्त सुस्त अर्थतन्त्र र घरेलु राजनीतिको प्रभावका कारण केही अबरोध देखा परेको छ, जसको फलस्वरुप व्यापार संरक्षणवादलाई जन्म दिएको छ । ‘यदि सबै मानिसले बन्द कोठाभित्र बसेर बजारको खोजी गर्छन् भने त्यसबाट हामी समृद्धि र विकासको चाहना पूरा गर्न सक्दैनौँ र अवश्य पछि पर्नेछौँ,’ चाइना एन्ड ग्लोबलाइजेसन सेन्टरका अध्यक्ष वाङ हुइयाओले भन्नुभयो ।

चीनमा अवसरहरू

विगत दशकहरूमा, चीनको बलियो आर्थिक वृद्धि र विशाल बजार संरचनाले विश्वका लागि महत्वपूर्ण अवसर प्रदान गरेको थियो । विश्वव्यापी आर्थिक वृद्धिमा चीनले सबैभन्दा ठूलो योगदान गरेको थियो ।

झाओले १ अर्ब ४० करोड हाराहारीको जनसंख्या भएको चीनको विशाल बजारको सम्भावनालाई दृष्टिगत गरी लगानी बढाउनु भविष्यकै लागि लगानी गर्नु सरह रहेको पनि बताउनुभयो । उहाँले अगाडि भन्नुभयो, चीनको हरित विकासले वार्षिक रुपमा १० ट्रिलियन युआनको लगानी र उपभोग बजार सिर्जना गर्न तयार रहेको बताउनुभयो ।

चीनको विकासको ‘एक्सप्रेस ट्रेन’ मा सवारी हुन र शान्तिपूर्ण विकास, पारस्परिक लाभकारी सहयोग र सबैका लागि समृद्धि सहितको विश्वव्यापी आधुनिकीकरणको लागि काम गर्न सबै देशहरूलाई हार्दिक स्वागत छ, झाओले भन्नुभयो ।

‘चिनियाँ बजार हाम्रो लागि महत्वपूर्ण छ,’ अमेरिकी परामर्श साझेदारमा आबद्ध चाल्र्स डल्लाराले भन्नुभयो । ‘हामी हाम्रो लगानीको सफलताबाट धेरै खुसी छौँ ।’उहाँले अगाडि भन्नुभयो, ‘चीनसँग उन्नत प्रविधि र हरित ऊर्जा छ र यसले घरेलु र विश्वभरि वातावरणीय समस्यालाई कम गर्न योगदान पुर्याइरहेको छ ।’

‘मलाई लाग्छ चीन हामीलाई अझ वातावरणीय रूपमा सुरक्षित संसारमा ल्याउन विश्वव्यापी नेता बन्न तयार छ । हामीलाई चीन र एसियाको बाँकी भागमा हाम्रो समूहको भविष्यमा विश्वास छ । यो एक गतिशील क्षेत्र हो । चीनसँग ठूलो मात्रामा श्रमशक्ति मात्र होइन, दक्ष जनशक्ति पनि छ । तपाईँले इन्जिनियर र वैज्ञानिकहरूको राम्रो नेतृत्व पाउनु हुनेछ । प्राविधिक विकासको अग्रपंक्तिमा, र हामी चीनमा लगानी जारी राख्ने सम्भावनाहरूको बारेमा धेरै उत्साहित छौं ।’

अष्ट्रेलियामा मुख्यालय रहेको फोर्टेस्क मेटल्स समूहका प्रमुख कार्यकारी अधिकृत डिनो ओट्रान्टोले सिन्ह्वासँग कुरा गर्दै फोट्र्सक्लले बोआओसँग फोरमसँग १८ वर्षदेखि दीर्घकालीन साझेदारी कायम राखेको बताउँदै विगत २० वर्षमा कम्पनीले फलामको व्यापार गरिरहेको र त्यसमध्ये ९० प्रतिशत उत्पादन चिनियाँ बजारमा जाने गरेको छ भन्नुभयो । सिन्ह्वा

> *चीन अहिले विश्वका १४० भन्दा बढी देशसँग मुख्य व्यापारिक साझेदार रहेको छ । साथै, धेरै मुलुकमा लगानीको मुख्य स्रोतका रुपमा चीन रहेको छ र विश्वका अधिकांश मुलुकका लागि महत्वपूर्ण लगानी गन्तव्यका रुपमा स्थापित छ ।*

## नेपालले पनि लाभ लिनसक्छः पौडेल



नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले चीनले अघि सारेको वैश्विक विकास प्रयास (जिडिआइ) का लागि चिनियाँ नेतृत्वको प्रशंसा गर्दै यसबाट नेपालले पनि प्रशस्त मात्रामा लाभ लिन सक्ने बताउनुभएको छ । चीनको हाइनान प्रान्तमा जारी बोआओ फोरम फर एसिया (बिएफए) लाई बिहीबार नेपालका तर्फबाट सम्बोधन गर्दै उनले चीनले गरिबी न्यूनीकरण, खाद्य सुरक्षा, जलवायु परिवर्तन, डिजिटल विकासजस्ता प्राथमिकताका साथ (ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ, जिडिआइ) अवधारणा ल्याएको र यसबाट नेपालले पनि लाभ लिनसक्ने बताउनुभएको उहाँको सचिवालयले जनाएको छ । उपाध्यक्ष पौडेलले नेपालको आफ्नै विकास प्राथमिकतासँग मिल्दोजुल्दो यस अवधारणाको उद्देश्यलाई समर्थन गर्ने देशहरूको बढ्दो संख्यामा नेपाल पनि सामेल रहेको र यसप्रतिको प्रतिबद्धता कायम गर्दै नेपाल सरकारले हालै जिडिआइ समूहमा सामेल हुने निर्णय गरेको जानकारी पनि दिनुभयो ।

जिडिआइको मूल सिद्धान्त चिनियाँ राष्ट्रपति सि चिनफिङको मानवजातिको साझा भविष्यको दृष्टिकोणसँग मिल्दोजुल्दो रहेको र यसले विश्व शान्ति र अन्तर–सम्बन्धलाई जोड दिएको प्रसङ्ग उल्लेख गर्दै उहाँले भन्नुभयो, ‘एक साँच्चै साझा भविष्य तब मात्र साकार हुनसक्छ जब सबै विकसित र विकासशील राष्ट्रहरूले प्रगति र समृद्धिका लागि समान अवसर प्राप्त गर्दछन् ।’

पूर्वअर्थमन्त्री पौडेलले भन्नुभयो, ‘चीनको नजिकको छिमेकी नेपालले पनि जिडिआइको सफलताबाट उल्लेखनीय लाभ उठाउन सक्छ । पूर्वाधार विकास, प्रविधि हस्तान्तरण र क्षमता विकासजस्ता क्षेत्रमा बढ्दो सहयोगले नेपालको राष्ट्रिय विकास प्रयासलाई गति दिनेमा हामी विश्वस्त छौँ । हामी पनि हाम्रो अर्थतन्त्रमा परिवर्तन ल्याउने र नेपालको विशिष्ट विकास आवश्यकतालाई सम्बोधन गर्नेगरी परियोजनाहरू अघि बढाउन तत्पर छौँ ।’

जिडिआइको दिगो र समतामूलक विकासका लक्ष हासिल भएको सुनिश्चित गर्न, यसका चुनौतीहरु स्वीकार गर्न र सम्बोधन गर्न आवश्यक रहेको चर्चा गर्दै उहाँले यसको पारदर्शिता र ऋण दिगोपनका चिन्तलाई भने दूर गर्न जरुरी रहेको बताउनुभयो । त्यसैगरी, सहुलियतपूर्ण वित्तीय सहायता, ज्ञान आदानप्रदान र विकासोन्मुख देशहरूको विशेष आवश्यकता अनुरूप निर्माण हुने परियोजनाहरूले जिडिआइको उद्देश्य, आपसी विश्वास र समावेशीतालाई थप बलियो बनाउने उहाँको धारणा थियो ।

नेपालले बहुपक्षीयतालाई महत्व दिने र जिडिआई ढाँचा र अन्य अन्तर्राष्ट्रिय मञ्चहरूमा हुने छलफलमा सक्रियरूपमा योगदान गर्न प्रतिबद्ध रहेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, ‘हामी सार्वभौमिक र सबैका लागि लाभदायक विकास एजेन्डालाई थप प्रवद्र्धन गर्न चीन र समान विचारधाराका साझेदारहरूसँग काम गर्न इच्छुक छौँ । विश्वमा थप समृद्धि, शान्ति र दिगो भविष्य निर्माण गर्न जिडिआइ एक शक्तिशाली माध्यम बन्न सक्छ भन्ने कुरामा नेपाल विश्वस्त रहेको छ ।’

बोआओ फोरमले एसिया र समग्र विश्वको विकासका लागि आवश्यक मुद्दाहरूमा संवादका लागि महत्वपूर्ण अवसर दिएको उहाँको भनाइ छ । यस वर्षको विषयवस्तु ‘ग्लोबल डेभलपमेन्ट इनिसिएटिभः प्रमोटिङ वल्र्ड पिस’ समयसापेक्ष रहेको र यसले विश्वको विकास र शान्तिको आगामी मार्गका लागि सहयोग पुग्ने पनि उहाँले बताउनुभयो ।

कृति परिक्रमा

# ईशहाक हुसैन बुढ्यौलीमा 'लिस्नु' चढ्न खोज्ने साहित्यकार



• सञ्जय साह मित्र

*नेपाल प्रज्ञा प्रतिष्ठानले पहिलो गजल महोत्सवको आयोजन गर्दा मैले तत्कालीन प्रदेश नम्बर २ बाट प्रदेशस्तरीय गजलको प्रतिवेदन प्रस्तुत गरेको थिएँ। ज्यादै कम लेखे पनि मेरा गजलहरु करिब तीन दशकदेखि प्रकाशन भइरहेका छन्। मैले कतै कुनै लेखाजोखा राखेको छुइनँ।*

*नेपाल प्रादेशिक संरचनामा गइसकेपछि साहित्यको क्षेत्रमा पहिलोपटक प्रदेश नम्बर २ ले एउटा काम गर्‍यो प्रदेशस्तरको। त्यसले बनाएको इतिहासको गोरेटोमा अहिले कैयौँ राजमार्गहरु निर्माण भइसकेका छन्। त्यो मेरो दुःस्साहस थियो –प्रदेशस्तरको गजलको। साहित्यकार नवराज रिजालसित सल्लाह गरेर 'नवप्रज्ञापन'को एक अंकलाई प्रदेश नम्बर २ का गजलकारहरुको गजल विशेष निकाल्ने। निकै परिश्रम गरेर सफल भइयो पनि। उक्त कार्यको संयोजन मैले गरेको थिएँ।*

अहिले मेरो हातमा एउटा गजल कृति परेको छ – लिस्नु । गजलकार हुन् – ईशहाक हुसैन । २००७ भदौ १२ मा जन्मिएका हुसैनको प्रसिद्धिको बारेमा धेरै जानकारी त छैन तर पर्सा, बारा र रौतहटका गजलकारहरुमा अत्यन्त प्रिय छन् । उनका रचनाहरु विभिन्न पत्रपत्रिकामा निकै पहिलेदेखि प्रकाशित हुँदै आएका छन् तर कृतिको रुपमा सम्भवतः यही पहिलो कृति हो – लिस्नु । बुढ्यौली उमेरमा 'लिस्नु' चढ्न खोजेका हुसैन बारा निवासी हुन् । कृतिकार आफैँले आफ्नो गजल कृति 'लिस्नु' को प्रकाशन गरेका छन् । यसै कारण कृतिभित्र 'प्रकाशकीय' र 'आफ्ना कुरा' गरी दुई ठाउँमा भूमिकासँगै प्रस्तुत भएका छन् हुसैन । 'प्रकाशकीय' हुसैन लेख्छन् –'उमेरको हदपार गर्दाको बखत सन्तान प्राप्तिको आशै नगरेको वृद्धले सन्तान प्राप्त गर्दाको हर्ष सुखीको आँकलन ...' । उनै कृतिकारको विशेष 'फमाइस'मा उनको कृति 'लिस्नु'माथि यहाँ परिचर्चा प्रस्तुत गरिएको छ ।

२०२४सालदेखि साहित्यसित चिनाजानी गरेका हुसैनको पहिलो कृति ७३ वर्षको उमेरमा २०८० मा प्रकाशन हुनु आफैँमा विशेष प्रकारको घटना हो ।

सामान्यतया गजलको शीर्षक हुँदैन । हुसैनको लिस्नुमा पनि गजलको शीर्षक दिइएको छैन । गजल नै भनिएको छ र गजलको क्रमलाई चिनाउनको लागि हरेकमा एउटा संख्या लेखिएको छ । उनको पहिलो गजलको आरम्भिकाका साथै कृतिको आरम्भिक गजल यस्तो छः

*नव नित्य सधैँ भैरहोस् म नित्यको पुजारी हुँ*
*सदैव शुभ नै भैरहोस सुकृत्यको पुजारी हुँ*
*नौरङ्गी नव रङ्गको रङ्गीन देशको बासी हुँ*
*फैलेको यो देश भरि नै लालित्यको पुजारी हुँ*
*विद्वत कल्प भए नि विद्याको कदरदान म*
*अनुरागी हुँ कलाको म साहित्यको पुजारी हुँ*
*छैन विकल्प जसको जो जाज्वल्यमान जगमा छ*
*भुसुनो कण उसैको म आदित्यको पुजारी हुँ*
*खुल्ला छ ढोका दिलको जो ढक्ढक्याउनु पर्दैन*
*शुभ आगमन अतिथिको प्रेमित्यको पुजारी हुँ ।*

गजललाई शास्त्रीय अर्थमा पे्रमिकासित वार्तालापको रुपमा लिइन्छ तर यहाँ त हुसैन साहित्यको पुजारीको रुपमा आफूलाई प्रस्तुत | गर्दछन् । कहीँकतै शास्त्रीयतालाई छोएका पनि छैनन् । आधुनिक नेपाली गजलले समसामयिक विभिन्न विषयलाई आत्मसात गरिसकेको सुन्दर दृष्टान्त हो यो ।

गजलकारको साहित्यिक अनुराग मनको प्रवाहलाई प्रवाहित गर्नको लागि मात्र हो भन्ने होइन, साहित्यलाई पनि प्रवाह दिनको लागि हो । सम्भवतः दोस्रो गजलले कृतिको शीर्षभावलाई पनि समेटेको छ । दोस्रो गजलमा पनि परम्परागत प्रेमालापलाई महत्व दिइएको छैन । गजलकार आफ्नो जीवनको उद्देश्यलाई पनि यसमा अलिकति स्पष्ट्याउन चाहन्छन्ः

*स्नेही एकता यो सहष्णु गजल हो मेरो*
*भ्याकुर, गिठा मीठो सिस्नु गजल हो मेरो*
*पानीका सर रर घट्टका धुनहरुमा*
*मकै र कोदो आहै पिस्नु गजल हो मेरो*
*मन्दिरमा देवताको पूजा तिमीले गर्छौ*
*शब्द यो सरस्वती विष्णु गजल हो मेरो*
*बटुलेर शब्द शब्द शब्दावली बनाई*
*प्रसादमा मिठास मिस्नु गजल हो मेरो*
*अक्षरको खुड्किलोमा टेकेर आउनु है*
*उक्लिनु माथि माथि लिस्नु गजल हो मेरो ।*

गजलगो हुसैनमा राष्ट्रियताको भाव छ, देश प्रेम छ, माटोको गीत गाउने चाहना छ, नेपाली हुनुको गौरव र गरिमा छ, नेपालको प्राचीनताले छाती फराकिलो पार्ने प्रवृत्ति छ । उनी आफ्नो एउटा गजलको एक शेरमा भन्छन्ः

*शक्ति साहस एकता नै नेपालीको गहना हो*
*देशभक्ति नेपालका वीरहरुमा पाउने छौ*

वीरताको भाव नेपालीको रगत र नसामा नै रहेको हुन्छ । अनि एक गजलकारमा यसको अभाव कदापि सम्भव छैन । यस कृतिमा वीररसका गजलहरु पर्याप्त छन्। एक अर्को गजलमा अझ यसरी भन्छन् गजलगोः

*तिनकोटी नेपालीका पाइलाका चालसँगै*
*यमराजसँग लड्छौँ जुध्ने छौँ कालसँगै ।*

एउटै गजलमा एकभन्दा बढी विषयवस्तु पनि हुन सक्छन् । गजलको हरेक शेरमा पृथक विषयवस्तु आउनुलाई राम्रै मान्ने गरिएको पाइन्छ । अझ धेरै गजलमा धेरै विषय हुनु पनि स्वाभाविक हो । गजल विधामाथि पकड राख्ने हुसैनका गजलमा गज्जबको विषय वैविध्य पाइन्छ । उनी कतै विषय विविधतामा रमाउँछन् त कतै विषयमा स्थिर रहेर विषयको महत्ता बताउँछन् । एक गजलमा साहित्यको महत्ता बताउँदै साहित्यकारको सम्मान पनि गर्दछन्, यथाः

*साहित्यका रथी हुन् भानु, मोती र देवकोटा*
*भए लक्ष्मी महाकवि अक्षर नै सिंगारेर ।*

जीवनमा उत्साह र निराशा घाम र छायाँजस्तै हुन् । कतै सम्यक भाव पनि हुन्छ जिन्दगीमा । हुसैनको लिस्नुमा प्रकृति वर्णन त छ नै । प्रकृतिलाई बिम्ब बनाएर जीवनका आशा, निराशा र उतारचढावलाई पनि प्रस्तुत गरेका छन् । जीवनको ऐना बनेका गजलहरुले धेरै यथार्थलाई प्रतिबिम्बित गराएका छन् । एक ठाउँमा गजलकार हुसैन आफ्नो पीडालाई यसरी अभिव्यक्त गर्दछन्ः

*भन ऐ दिल यो जिन्दगी हारुँ कहाँ कहाँ*
*बाँकी रहेका आँशु यो झारुँ कहाँ कहाँ ।*

गजलकार हुसैन आफ्नै देशलाई चार धाम बनाउन चाहन्छन्, आफ्नै देशमा रमाउन चाहन्छन् र देशमै रमाउने बानी पनि पारेका छन् । कतै विरहमा नछटपटिएका होइनन् वा आफूलाई बैगुनी ठान्नेको अदालतमा इमानदारको प्रत्युत्तर नलगाएका होइनन् । जीवनमा रहेका उतारचढावलाई झेल्दै गएपछि, दुःख र पीडाको भार खप्दै र सहँदै गएपछि एक पाका मानिसमा आउने भावलाई एउटा गजलमा हुसैनले यसरी अभिव्यक्त गरेका छन्ः

*जिन्दगी हो ठेलागाडा ठेल्न सक्नु पर्छ*
*हाँसीहाँसी दुःख पीडा झेल्न सक्नु पर्छ ।*

जीवन त कुनै योजना हुन सक्दैन । यसलाई मानिसले व्यवस्थित गर्दै जाने हो । जीवनलाई अझ व्यवस्थित बनाउन प्रयास गर्नुपर्छ र केही आइपरेमा हुरीआँधीलाई सहनु पनि पर्छ । सबैको सबै चाहना कहिल्यै पूरा हुन सक्दैन किनभने चाहनाको कहिल्यै कुनै अन्त्य हुँदैन । मनका इच्छा र रहरलाई बतासले छर्न पनि सक्छ । यसैले कर्ममा विश्वास गर्नुपर्छ, श्रमलाई सम्मान गर्नुपर्छ । आफूले आफ्नो श्रमको सम्मान गर्ने अनि अरु श्रमिकको पनि श्रमलाई सम्मान गर्नुपर्छ । रुन छाडेर रमाएर हाँस्नुपर्छ ।


सत्यको विजय सदैव भएको र हुनेमा पनि गजलगो हुसैन विश्वस्त छन् । सत्यपथले देशको विकास हुनेमा पनि विश्वास गरेका छन् । अनि गजलगो कतै ज्ञानको महिमागान गरेर महान बनाउँछन् त कतै जिन्दगीलाई कसीमा नाप्दछन् । मनमा उठ्ने भावसँगै कविले प्रेमको गीत नगुनगुनाएका हैनन्, यादमा नछटपटिएका हैनन् । मुटुको ढुकढुकी मानी गजलकार यसरी पोख्दछन् आफूलाईः

*तिमीले घुम्टो उठायौ गजलको शेर भयो*
*जून पूर्णेको उदायौ गजलको शेर भयो ।*

मदिरापानलाई हुसैन मन पराउँदैनन् सिर्जनामा । आफ्नै देशमा गरिखान चाहन्छन् तर काम नपाइएको गुनासो पनि छ । बेहाल देखेर मुटु चर्कोको पनि बताएका छन् । निराशाको भाव पनि उरालेका छन् । खेतबारीमा विषादिको प्रयोगले क्षुब्ध पनि बनेका छन् । कतै मात्तिएको स्वीकार गर्छन् त कतै प्रशंसाको पुल बाँधेर भावको गहिराइमा पौडी खेल्दछन् । एउटा गजलमा सरस्वतीको बडो मिठो अर्चना छः

*सरस्वती हौ तिमी विद्याकी खानी*
*मलाई गर्छौ माया कवि आफ्नै ठानी*

गजल र गजलगोको महिमा गाउन हुसैनको हृदय ओतप्रोत छ । देशलाई जहाँ पनि माया गर्नुपर्ने भाव छर्छन् । देशभक्तप्रति सम्मान र देशको झन्डालाई स्वाभिमान ठान्दा पाठकको हृदयमा गर्वबोध भरिन्छ । ठाउँठाउँमा सगरमाथाको उचाइ बराबर नेपालीको सिर रहेको भाव प्रस्तुत भएको छ । नेपालीमा एकताको भाव हुनुपर्ने भावलाई एउटा गजलमा यसरी आएको छः




*मन्दिर, मस्जिद, गुम्बा सारा मुटु नेपालीका*
*ईश्वर, अल्लाह, हृदयमा बुद्ध, कृष्ण, राम हुन्छ ।*

गजलगो हुसैन फाटेको मनलाई सिउनुपर्ने सल्लाह दिन्छन् । पुण्यकर्मको वृद्धि हुनुपर्ने र पापीको क्षय हुनुपर्ने कामना गर्दछन् । अनि गरिबप्रति सहानुभूति राख्छन् । अन्न उब्जाउने किसानहरुलाई उच्च सम्मान र श्रद्धा गर्दछन् । मानिसको भेषमा रहेको भेडियाप्रति व्यंग्य गर्दछन् । नेपालीहरु विदेसिँदा पीडाको अनुभव गर्छन् । सधैँ सत्य र शुभ बोल्न सल्लाह दिन्छन् । बालबालिकालाई सफासुग्घर रहन र फोहोरबाट टाढा रहन पनि सल्लाह दिन्छन् । प्रदूषणबाट जोगिन पनि सल्लाह दिन्छन् । अचम्मका स्वभाव भएका मानिसलाई डाम्न पनि पछि पर्दैनन् । अनि मित्रका लागि त गजलगो खुसी बेच्न पनि यसरी तयार देखिन्छन्ः

*नगरे है साथी यो मन सानो खिन्न*
*खुसी बेचिदिन्छु बेथा तिम्रो किन्न ।*

साहित्यकारलाई आफ्ना पीडा, असन्तुष्टि र असन्तोष चुहाउने ठाउँ नै साहित्य हो । हुसैनले लामो जीवनयात्राका धेरै भावलाई यस संग्रहमा राखेका छन् । यसमा जीवनका अनेक गीत गाइएका छन् र देशभक्तिको दृष्टिकोणले यो संग्रह विशिष्ट रहेको छ । गजल प्रेमको हुनुपर्नेमा यो गजलकृति वास्तवमा देशभक्तिको बन्न पुगेको छ । हुसैनमा देशभक्तिको भाव प्रबल रुपमा रहेको यथार्थलाई कृतिले स्पष्ट पारेको छ । कृतिको अन्तिम गजलको अन्तिम शेरमा यसरी आफूलाई पस्कन्छन्ः

*अनुरागी हामी सब नै मौरीको झै मिलेर*
*देश यो बनाउँछौँ बेस हामी र हाम्रो कृति ।*

सिद्धहस्त गजलकार ईशहाक हुसैनको प्रस्तुत गजलकृतिले उनलाई पहिलोचोटि कृतिकारको संज्ञा दिएको छ । परिपक्व विचार तथा सन्तुलित भाव प्रवाहमा यो कृति अब्बल देखिएको छ । कृतिमा राजेन्द्र थापा, बद्री उप्रेती तथा शैलेन्द्रकुमार थापाले शुभकामना लेखेका छन् भने मदन नेपालले सम्पादकीय लेख्दै भन्दै छन् – हरेक गजलमा आफ्नै छुट्टै मिठासपन रहेको र अनौठा तर व्यवहारमा आउने शब्द प्रयोग हुनु पनि विशेषता ठानेको छु । अन्य भाषामा पनि कलम चलाएका हुसैनको प्रस्तुत गजल संग्रहभित्रका भाषाशैलीले निजको मौलिकतालाई पनि उजागर गरेको छ भने गजलकृतिलाई पठनीय पनि बनाएको छ । कृतिकार हुसैनको साहित्यिक उन्नयनको कामना गर्दछु ।

# झरना, म अझै पत्रकार छु ?

“

झरना अहिले निकै फस्टाएको छ । बकैया गाउँपालिका भएको छ साविकको छतिवनसँगै आसपासका अन्य गाविसहरु गाभिएर । झरना साहित्य परिवारले झरना साहित्यिक पत्रिका प्रकाशन गरिरहेको छ । वीरगंजबाट सगरजस्ता बाक्ला साहित्यिक पत्रिका निस्कन्थे कुनै बेला । हेटौँडामा साहित्य संगम मकवानपुर अहिले पनि आफ्नै भवनमा हरेक महिनाको दोस्रो शनिबार साहित्य सन्ध्या गरिरहेको छ । सम्झन्छु, ५७ औँ साहित्य सन्ध्याको प्रायोजक बनेको थिएँ । यही चैतको दोस्रो शनिबार उसको ३ सय ४१ औँ साहित्य सन्ध्या भएछ ।



रामकुमार एलन

ज्यान निकै सुकेको छ । आँखा दुख्न थालेका छन् । कम्प्युटर अगाडि बसेर उसलाई एकटकले नजर गरिरहँदा सायद आँखाका नानीका ‘चमक’ मोनिटरका ‘चमकदमक’सँग कमजोर हुँदै गएका छन् । नदेखिओस् पनि कसरी, ऊ परिचालित हो, विद्युतीय खुराकीमा उसले बजारको मागअनुसार आफ्नो मेसिनरी क्षमतालाई मानव सभ्यतासँग जोडिरहेको छ । मोबाइल, कम्प्युटर खेलाएर मान्छे बिग्रन्छ भन्नेहरुको कुरा सुनेर कम्प्युटरमा कामै नगर्ने कुरा पनि भएन । काम नै कम्प्युटरमा गर्ने भएपछि आँखाको स्याहार गर्नु पर्ने थियो, समयमा गरिएन भने दुःख पाइन्छ भन्ने पात्र अहिले आफैँ भएको छु । अरुलाई स्वास्थ्यको ख्याल गर्न भन्दाभन्दै आफ्नै स्वास्थ्यमा एकतमासले गिरावट आइरहेको अनुभूत भइरहेको थियो । खानपान सन्तुलित थियो तर खोइ के भयो, ज्यान घटेर पातलिन थाल्यो । पुराना कपडाको आयतनमा ज्यानको नापो बिग्रेर बाँसका भाटामा कपडा उने झैँ देखिएपछि आफैँप्रति पहिलोपटक चिन्तित भइरहेको थिएँ ।

अक्सर पछिल्लोपटक म कम फोन उठाउनेमा पर्छु । फोन उठाएर अरुको समस्यामा समवेदित हुँदै राज्यका निकाय, नेता, कर्मचारी, प्रहरी, हाकिमसँग कति फोनमा झगडा गर्नु, मनस्थितिको तापक्रम बढाउनु ? उसै पनि सबै मेरो फोन आयो कि आत्तिन थाल्थे । मभन्दा माथिल्लो निकायलाई फोन गरेर ‘सम्झाइदिन पर्यो’ भनेर दबाब दिन्थे । उनीहरु मलाई सिधै भन्न बहुत् बहादुरीका साथ डराउँथे । केही भनिहाल्ला कि, केही लेखिहाल्ला कि ? रिसमा केही भनिएला, फेरि कुनै समाचारको पात्र पो हुनुपर्छ कि ? बहुत् दुरी राख्थे । पछिल्लो समय चैँ म आफैँ दुरी राख्न थालेको छु । लेखेर के भयो ? सुरुमा अस्पतालमा बच्चा मरेको सूचना दिन्छन् । समाचार लेखिदियो । आन्दोलन हुन्छ, अस्पतालमा सहमति हुन्छ । कुन्नि कति पैसामा मृतकका आफन्त बेचिन्छन् । अस्ताल अपराध जोगाउँछ । प्रहरीले मुचुल्का उठाएर पठाउँछ । पहिला फोन गर्ने तिनीहरु नै पछि फोन उठाउँदैनन् । बरु भन्छन्, ‘हाम्रो कुरा मिल्यो, अब पत्रकारले केही नउचालिदिए हुन्थ्यो ।’ उनीहरुका कुरा सुनेर मन खिन्न हुन्छ, के काममा लागिएछ, अस्ति जसले खोजे, आज उनीहरु नै टाढिन्छन् । भोलिपल्ट छिमेकीको पत्रिकामा त्यही अस्पतालको ठूलो विज्ञापन छापिन्छ । समाजमा सबै मिल्छन्, एउटालाई एक्लो पार्छन् । यस्तो ‘लैबरी समाजसेवा’बाट विस्तारै अनुपस्थिति जनाउँदैछु । फेरि समाज रातबिरात फोन गर्छ, उठाउनै पर्यो, यस्तै एकाध सूचना लिएर दिमागको तापक्रम बढाइदिन्छन् ।

पछिल्लो समय साहित्यिक कार्यक्रमहरुमा उपस्थिति कम हुन थालेको छ । आयोजकहरु बोलाउँदैनन् । नबोलाएपछि जाने कुरा पनि भएन । केही मुठ्ठिभरका साहित्यकारहरुको कब्जामा छ स्रोत, सत्ता, शक्ति र संस्थाहरु । उनीहरुले नै सामाजिक सञ्जालमा आफ्ना निकटकाहरुलाई महान र वरिष्ठ साहित्यकार बनाउँछन् । लेखाउँछन् । लेख्न लगाउँछन् । पुरस्कार बाँडचुँड गर्छन् । उनीहरुले के लेखेका छन्, गुगलमा पनि हत्पत्ति भेटिन्न । कसैलाई सोध्दा पनि खास सूचना आउँदैन । आरिष, कुण्ठा, द्वेष, विभेद र नजानिँदो सत्नुताको ठूलो झ्याङ देख्छु । केही साहित्यिक महोत्सवहरुमा मञ्चमा टुपुल्किएका अनुहारहरु हेरेर लाग्छ, स्थानीय तह, प्रदेश सरकार र केन्द्र सरकारले साहित्यिक उन्नयनमा गरेको लगानी मुठ्ठिभरका लागि मात्र ‘प्रगतिशील’ देखिन्छ । यसको निष्कर्ष खोज्ने हो भने किताब साटासाट, पुरस्कार बाँडाबाँड र आफू अनुकुलकाहरुको गाला चाटाचाट भन्दा पर छैन । आएका नयाँ पुस्ता के पढ्छन् ? प्रश्नै छ । पुराना पुस्ताबारे जानकार पनि छैनन् । को हुन् भनेर खोज्न पनि चाहदैनन् । पुराना र नयाँबीच दुरी बनाएर केही वरिष्ठतमहरु भने फेरि लगातार पछिल्लो तीन दशक ‘महान–होनहार’मा दरिएका छन् । सुन्छु, उनीहरुले बेच्ने गरेको तत्तत् संस्थाहरु नाम त दर्ता पनि छैनन् रे ! दर्ता नभएपछि नवीकरण पनि छैन होला, पक्का हो !

हो, सम्झन्छु,२०५८–५९ का ती दिनहरु । मकवानपुरमा साहित्यिक संस्था खोल्ने होड थियो । गाउँगाउँमा साहित्यिक कार्यक्रम गरेर चेतनाको डाँक छर्न खोजेका थियौँ । अझ सजिलो थियो हवाई पत्रिकाको दुनियाँमा । हुलाकले गाउँगाउँमा साहित्यिक पत्रिका पुर्याउने गथ्र्यो । भित्ते पत्रिका निकालेर लेखियो । त्यसपछि हवाई पत्रिका निकालियो । देशभरका साथीभाइहरुको ठेगाना पाइन्थ्यो । हुलाकमा आउने चिठीमा ६० प्रतिशत आफ्नै नामका हुन्थे । पत्रमित्र भन्ने स्तम्भ हुन्थ्यो । दुई पटक त युवामञ्च मासिकमा पत्रमित्रतामा मेरो पनि नाम गोला प्रथामा परेको थियो । गोरखापत्र संस्थानको सबैभन्दा प्रिय पत्रिकाले वर्षभरिलाई पत्रमित्र कुपनबाट गोलाप्रथा गरेर छान्थ्यो र छाप्थ्यो । दुई वर्ष युवामञ्चमा पत्रमित्रतामा तस्बिर र ठेगाना छापिएपछि हुलाकमा चिठी आउँथे । आएकाहरुको जवाफ दिइन्थ्यो । खाजा खाने पैसा हुलाक र टिकटमा खर्च हुन्थे । राम्रा अक्षरमा पत्र लेख्ने होड हुन्थ्यो । मीठा मुक्तक र सायरी हालेर पत्र लेखेपछि जिन्दगीको मिठास अर्कै हुन्थ्यो । ती दिनहरु अहिलेको टिकटक पुस्तालाई के थाहा ? यो जुनी हुँदै हवाई साहित्यिक पत्रिकामा प्रवेश भयो । एउटा सानो हवाई पत्रमा झण्डै ३० जना जतिको मुक्तक, गजल छापेर पठाउँथ्यौँ । पत्रिकाको ग्राहक शुल्क भनेर हुलाकबाट पठाउँथ्यौँ । एउटा भाइले पाँचसय रुपैयाँ पठाएको भन्यो, हामीले पाएनौँ, त्यसपछि हुलाकसँग शंका पनि भयो । जेहोस्, नारदले ‘नारायण, नारायण’ भन्दै स्वर्गलोकमा खबर पुर्याएको र मान्छेले चिठी परेवालाई पुर्याउन लगाएको कथा पढ्दै हुलाकबाट पत्र आउने संसारमा पुग्दा एउटा विश्वास थियो मान्छेबीच । कहिलेकहीँ धागोले बाँधेको चिठी आउँदा, ओहो को मरेछ भनेर मन चिसो हुन्थ्यो । अहिले त आँखै अगाडि भयंकर दुर्घटना हुन्छन्, मान्छे उद्धार गर्न पुगिन्छ । साँच्चै संसार बदलियो । मान्छे झन बदलियो । यति अल्छी भयो कि, पहिला जस्तो पढनदास युग हराउँदै गयो । मिल्ने भए मान्छे भारतीय कवि सम्पत सरलले भने झैँ किन चुल्हो बालिरहन्थे, गुगलबाटै रोटी डाउनलोड गरेर खान्थे, फेरि मोबाइल चलाउन थाल्थे ।



तत्कालीन कालिकाटार गाउँ विकास समिति, जहाँ हामी जन्मिएका थियौँ, त्यहीँबाट यहाँसम्म आइपुगेका हौँ । अहिले मकवानपुरको कैलाश गाउँपालिकामा गाभिएको छ यो गाविस । हामीले साहित्यिक संस्था खोलेका थियौँ । मृगतृष्णा साहित्य डबली । संस्था अहिले पनि छ तर क्रियाशीलता कम छ भनुँ, साथीहरु रिसाउलान्, छैन भनुँ, केही न केही छ गरिरहेको छ । केही नभए पनि चियापसलमा चर्चा त हुन्छ नै । साथी श्यामकुमार बानियाँले गाविस उपाध्यक्ष जनकलाल बानियाँ (नातामा दाई)सँग ६ हजार रुपैयाँ जति बजेटकै पैसा मागेछन् । त्यो पैसामा हेटौँडाबाट साहित्यकारहरुको समूह चुनियाँ बजार हुँदै, नामटार भएर कालिकाटार पुग्यो । बीचको टकुवा गाउँ हाम्रो थियो । त्यहाँ साहित्यिक कार्यक्रम गरेका थियौँ । गाउँमा साहित्यको अभियान चलाउनु पर्छ भनेर त्यतिखेर दिइएको ६ हजार रुपैयाँ अहिलेको पाँच लाख रुपैयाँ जस्तै भएको थियो । त्यो पैसा हामीलाई गाउँको कार्यक्रम गरेर हेटौँडा फर्कँदा केही बचत पनि भएको थियो । यसरी त्यतिखेर नै हामीले गाउँमा कविताको कार्यक्रम र सिर्जनशील समूह जन्माउने अभियान चलाइरहँदा पूर्वी मकवानपुरको छतिवन गाविस थियो । जो नेपालकै दोस्रो ठूलो गाविस भनेर चर्चित थियो । त्यहाँ रमेशमोहन अधिकारी सरको नेतृत्वमा झरना साहित्य परिवार स्थापना भइसकेको थियो । गएको फागुन १२ गते यो संस्थाले आफ्नो ३० औँ वार्षिकोत्सव मनायो । हामी पश्चिम मकवानपुर, चेपाङ–तामाङ बाहुल्य संसारका थियौँ । पूर्वी मकवानपुरको छतिवन अर्कै बाहुल्यमा थियो । तर साहित्यको वृक्षरोपण गर्ने रमेशमोहन अधिकारी सरकारको प्रयास आजपर्यन्त संस्थागत भइरहेको छ । हाम्रो क्रियाशीलत युवा पुस्ताबाट स्वास्नी, छोराछोरी पाल्ने काममा ज्याला गर्नु पर्दा ओझेलिँदै गयो । हामी पुराना र पाखा लाग्ने नै भयौँ । निरन्तरता दिन नसकिएपछि अहिले हाम्रो संस्थाको माइन्युट पनि कन्तुरमा कैद छ ।



झरना अहिले निकै फस्टाएको छ । बकैया गाउँपालिका भएको छ साविकको छतिवनसँगै आसपासका अन्य गाविसहरु गाभिएर । झरना साहित्य परिवारले झरना साहित्यिक पत्रिका प्रकाशन गरिरहेको छ । वीरगंजबाट सगरजस्ता बाक्ला साहित्यिक पत्रिका निस्कन्थे कुनै बेला । हेटौँडामा साहित्य संगम मकवानपुर अहिले पनि आफ्नै भवनमा हरेक महिनाको दोस्रो शनिबार साहित्य सन्ध्या गरिरहेको छ । सम्झन्छु, ५७ औँ साहित्य सन्ध्याको प्रायोजक बनेको थिएँ । यही चैतको दोस्रो शनिबार उसको ३ सय ४१ औँ साहित्य सन्ध्या भएछ । झरनाले पनि बकैयामा आफ्नै भवन बनाउँदैछ । बकैया गाउँपालिकाले हरेक वर्ष झरना साहित्य कला महोत्सवका लागि झरनालाई बजेट दिँदै आएको छ । जग्गा लिएर भवन बनाउँदैछ । साहित्यले मान्छेलाई सिर्जनशील बनाउँछ । सिर्जनशील समाज निर्माण गर्छ । तपाईंका सन्तान मोबाइलमा खेलेर बस्नु भन्दा केही लेख्यो, बोल्यो भने पक्कै उसले केही सिक्छ पनि । अहिले मोबाइल पुस्ताले देशमै बसेर, कोठाभित्र पसेर इन्टरमार्फत कमाइ गर्न सक्छ । डिजिटल भुक्तानी पनि हुनसक्छ । तर साहित्य सिर्जना शक्ति हो । यो शक्तिका लागि बहस, छलफल, अभिमुखीकरण र लेखनका लागि उत्प्रेरणा जरुरी हुन्छ । जुन काम झरनाले गरिरहेको छ । झरना परिवार अहिले निकै धनी भएको छ । हरेक वर्ष उसले अनेकौँ नाममा पुरस्कार स्थापना गरेर वितरण गरिरहेको छ । काठमाडौँदेखि देशभरका साहित्यकार, लेखक, पत्रकार झरनाको पुरस्कार थाप्न बकैया पुगिरहेका हुन्छन् । झरनाको यो लोभलाग्दो क्रियाशीलता हेटौँडामा साहित्य संगम मकवानपुर र मातृभूमि साहित्य समाजबाहेक अरुले निरन्तरता दिनसकेका छैनन् । पश्चिम मकवानपुरमा साहित्यलाई माया गर्नेहरु नै सत्तामा भए पनि यस्ता कार्यक्रमबारे बहस कम हुन्छन् । उत्तरी मकवानपुरको थाहामा पनि एउटा महोत्सव भयो, रोकिएको छ । साहित्यलाई बजेट दिएर स्रष्टालाई उन्मुक्त ढंगले विचरणका लागि बकैया गाउँपालिकाले गरेको लगानी खेर गएको छैन । हरेक वर्ष हरेक वडामा पुगेर झरनाले महोत्सव गरिरहेको छ । पालिकाले गर्व गर्ने विभिन्न नाममा झरनाको नाम अगाडि नै छ । झरनाको प्रस्तावना अस्वीकृत हुने कुरै छैन ।

यही झरनाले गएको फागुन १२ गते आफ्नो तीन दशक यात्राको पेरिफेरिमा पत्रकारिता विधाको पुरस्कार मलाई पनि दिएको थियो । पूर्वी मकवानपुरका पत्रकार भाइ गोकर्ण गौतमको स्मृतिमा स्थापित पत्रकारिता पुरस्कार पाउने मकवानपुरे पत्रकारहरुमा मेरो पनि नाम दर्ज भएको छ । भाइ गोकर्णलाई सम्झिएँ । कान्तिपुरमा अब्बल भएर जमिरहँदा टाउकोको एउटा सानो शल्यक्रिया असफल हुँदा निधन भयो । अप्रिय घटना थियो । भर्खर विवाह गरेका गौतमको इहलीला सकियो । उनको नाममा परिवारले स्थापना गरेको पुरस्कार लिन धेरैपछि पूर्वी मकवानपुरको शिखरपुर पुगेँ । धेरै वर्षअघि विमान दुर्घटना हुँदा शिखरपुर पुगेको थिएँ । पछि विमानमा मरेकाहरुको सम्झनामा स्कुल बन्दा परिवारहरुको निम्तोमा पुगेको थिएँ । यसपटक पुरस्कार लिन पुगेँ । पूर्वी मकवानपुरको शिखरपुर, धियाँल, राईगाउँ, फापरबारीलगायतका भूगोलहरुमा विभिन्न कामले पुगेको छु । माओवादी द्वन्द्वकालमा माओवादीका कार्यक्रमहरुमा पुगेको छु । आज हेटौँडा–सिन्धुली–धरान चतरा सडक चिल्लो देखिन्छ । पूर्वी मकवानपुरको उन्नयन छ । अब हेटौँडा बजार पूर्वतिर विस्तार हुँदैछ । बकैया र बागमती गाउँपालिका, छिमेकमै निजगढ, फास्ट ट्र्याकसँगै सिन्धुलीसँग पनि जोडिएको छ । काठमाडौँ र तराईसँग नजिकिएको बकैया धरान, सिन्धुलीसँग पनि समीपमै छ । बकैयाको प्रगति जति छ, त्यति नै प्रगति झरना साहित्य परिवारको देशव्यापी देखिन्छ । देशका कुनाकाप्चामा हुने साहित्यिक महोत्सवमा झरना अतिथि बनिरहेको हुन्छ । यही झरनाले तिमी अझै पत्रकार नै हौ–छौ भनेर बोलाएर गरेको सम्मानसँगै गाउँ यादिएँ, विगत यादिएँ । दुःख यादिएँ, समाज यादिएँ र यादिएँ झरनासँगै आफूलाई पनि ।



# मस्तिष्क उपनिवेश घातक हुन्छः डा. विमल




**अनिल घिमिरे**
**काठमाडौँ ।**

साहित्यकार डा. राजेन्द्र विमलले राजनीतिक, साँस्कृतिक, र आर्थिक उपनिवेश भन्दा मस्तिष्क उपनिवेश घातक हुने बताएका छन् । डा. विमलकै नाममा स्थापना गरिएको डा. राजेन्द्र विमल प्रतिष्ठान जनकपुरधामद्वारा उनको ७८औँ जन्मोत्सव एवं प्रतिष्ठानको एघारौं वार्षिकोत्सवको सन्दर्भमा आयोजित सम्मान तथा पुरस्कार समर्पण समारोहमा डा. विमलले यस्तो बताएका हुन् । मस्तिष्क उपनिवेश भएको खण्डमा आफू जन्मेको माटो, धर्ती र देश प्रतिको निष्ठा ध्वस्त हुने संस्कृति तथा भाषाविद् डा. विमलको भनाइ छ । अरुको कुराहरु अवलम्वन गर्नु नराम्रो कुरा नभएको तर अरुको राम्रा कुराको अवलम्वन गर्नु पर्ने, अरुको आयातित कुराहरुको अवलम्वन गर्दैगर्दा आफ्ना शदियौंदेखि मान्दै आएका र चल्दै आएका कुरा र परम्परालाई भने चटक्कै बिर्सन नहुने डा. विमलले बताए ।

'हामीले गुमाएको र हराएको चिज खोजेर रक्षा गरौं, हराएको चिज गुमेकोमा पश्चाताप गरौं, हराएको चिजको गरिमा कसरी पुनः कायम गर्न सकिन्छ त्यसप्रति समर्पित होऔं' डा. विमलले भने– 'हाम्रो बटम लाइन नेपाल हुनु पर्छ, हामिले सबैको कुरा र विचार सुन्नुपर्छ, नेपालको लागि के गर्ने सकिन्छ सबैले सोच्नुपर्छ, भावनात्मक रुपमा सम्पूर्ण नेपाललाई कसरी जोडत सकिन्छ त्यसतर्फ सबै नेपाली एक भएर लाग्नु पर्छ ।' प्रतिष्ठानका अध्यक्ष अवधेश पोखरेल 'जनकपुरिया'को अध्यक्षता र प्रा.डा.जगदिशचन्द्र भण्डारीको प्रमुख आतिथ्यमा संघीय राजधानी काठमाडौँमा सम्पन्न कार्यक्रममा मधेशी आयोगका सदस्य मा. जिवछ साह, पाण्डवराज घिमिरे प्रतिष्ठानका अध्यछा कुबेर (कुलराज) घिमिरे लगायतकाले स्वागत मन्तव्य प्रस्तुत गरेका थिए । सो अवसरमा करिब पाँच दशक मैथिली नाटक र रंगमञ्चमा सकृय निर्देशक तथा कलाकार रामरेखा पण्डितलाई ११ हजार रुपैयाँसहित प्रशंसापत्र र अढाई दशकदेखि मैथिली कलाक्षेत्रमा लागेका साञ्जिव कुमार महाशेठलाई सम्मान गरिएको थियो । कार्यक्रममा मैथिली भाषाका कवि, साहित्यकार तथा नाटककार अवधेश पोखरेलद्वारा रचित 'मरजिवा' नाटकको मञ्चन गरिए को थियो । त्यस्तै डा. विमलद्वारा राचित 'सरबरिया टोल' कथा संग्रह माथी साझा प्रकाशनका पूर्व अध्यक्ष एवं कवि प्रहलाद पोखरेलले समिक्षा गरेका थिए भने अशोक सापकोटा, रामजी पोखरेल, एनडी जनकपुरीले शास्त्रीय, गजल र गीत प्रस्तुत गरेका थिए ।

# हप्तामा दुई दिन स्वदेशी पोसाक लगाउने व्यवस्था गर्छौं: मन्त्री




**रासस**
**काठमाडौँ ।**

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले राज्यका सबै निकायमा हप्तामा दुई दिन स्वदेशमा उत्पादित पोसाक लगाउने व्यवस्था गर्न सरकारले सोच बनाएको बताएका छन् । नेपाल उद्योग तथा व्यवसायी महासङ्घद्वारा ललितपुरको महालक्ष्मी नगरपालिकामा आयोजित 'विद्यमान व्यावसायिक समस्या तथा समाधान विषयक' अन्तरक्रियामा उनले नेपाली पोसाकको प्रयोग पहिलो चरणमा सबै मन्त्रीहरुले गर्ने बताए । वर्तमान सरकार स्वदेशी उत्पादन बढाउने ध्येयका साथ लागेको उल्लेख गर्दै मन्त्री भण्डारीले भने, 'हप्तामा दुई दिन नेपाली कोट, पाइन्ट, जुत्ता, टोपी शिरदेखि पाउसम्म राज्यका सबै निकायमा उपभोग गर्ने नीति हामी ल्याउँदैछौँ, पहिला सबै मन्त्री त्यसपछि सांसद र स्थानीय तहका जनप्रतिनिधिले लगाउने छन् ।'

उनले नेपाली बजारमा स्वदेशी उत्पादनको क्षमता अध्ययन गरी सोहीअनुसार बजार वृद्धि गरेर राज्यका हरेक निकायमा सो पोसाक लगाउन अनिवार्य गरिने बताए ।

'नेपाली उद्योगले दिन सक्छन् कि सक्दैनन् पहिला विस्तृत रुपमा उत्पादनको अवस्था अध्ययन गरेर त्यसपछि उत्पादनमा प्रोत्साहन गरिने छ' उनले भने । नेपाली बजारमा निर्यातभन्दा आयात उच्च रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले सरकार निर्यात प्रवद्र्धनमा केन्द्रित हुने बताए । सरकारको मुख्य अहिलेको धेय जनतामा उत्पन्न भएको निरासालाई आशामा बदल्ने रहेको उनको भनाइ थियो । सरकारले अघि सारेको उत्पादन वृद्धिका लागि 'स्टार्ट अप' नीति कार्यक्रमलाई केही दिनभित्र सञ्चालनमा ल्याउने तयारी भइरहेको उहाँले जानकारी गराए ।

'प्रधानमन्त्री स्वदेशी उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम' आगामी आर्थिक वर्षबाट प्रभावकारी बनाउने गरी अर्को मन्त्रिपरिषद् बैठकबाट कार्यविधि पारित गरेर नेपालका स्वदेशी वस्तु उत्पादनमा अभिपे्ररित गर्न अगाडि बढाइने उहाँले जानकारी गराए ।

नेपाली वस्तुले बजार नपाएको सन्दर्भ उल्लेख गर्दै उनले उद्योग मन्त्रालयबाट निर्यातमुखी व्यवसाय सञ्चालनका लागि आवश्यक तालिम तथा सीपको व्यवस्था गरिने बताए ।

**धनुषा निर्माण व्यवसायी संघ**
**जनकपुरधाम–२०४७**
**फोन नं. ०४१–५२२२६९**
यस संघको कार्यक्रम यस प्रकार छन् :
१) मनोनयन दर्ता २०८०।१२।१८ गते समय ११ बजेदेखि ४ बजेसम्म स्थानः यस संघको कार्यालयमा।
२) दाबी विरोध फिर्ता घुर्ता : २०८०।१२।१९ गते ५ बजेसम्म।
३) अन्तिम नामावली प्रकाशन : २०८०।१२।२० गते समयः ११:०० बजे।
४) चुनाव : २०८०।१२।२४ गते समय ८:३० बजेदेखि ५ बजेसम्म स्थानः उद्योग वाणिज्य संघ, जनकपुरको भवनमा।
**कामेश्वर झा**
निर्वाचन आयुक्त

# राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न हुन्छन्: प्रधानमन्त्री

**रासस**
**काठमाडौँ ।**



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय गौरवका तथा रूपान्तरणकारी आयोजना र पहिलो प्राथमिकता प्राप्त ठूला आयोजना समयमै सम्पन्न हुने अवस्था सिर्जना गरिने बताएका छन् । राष्ट्रियसभाको शुक्रबारको बैठकमा राष्ट्रिय सरोकार तथा समन्वय समितिको प्रतिवेदनमाथि सांसदहरुले उठाएका प्रश्नको जवाफ दिदै प्रधानमन्त्री दाहालले ठूला आयोजनामा भएका कामकारबाहीको नियमित अनुगमन गरेर निर्धारित लागत र समयसीमा भित्रै आयोजना सम्पन्न हुने सुनिश्चित गरिने बताए । ठूला आयोजना कार्यान्वयनको अनुगमनका लागि छुट्टै निर्देशिका जारी गर्ने तयारी भएको जानकारी दिँदै उनले अनुगमन गरी प्राप्त पृष्ठपोषणलाई तत्काल कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको स्पष्ट पारे ।

सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा संशोधन गरेर नीति कार्यक्रम र बजेट प्रस्तुत गर्ने समयावधि परिवर्तन गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले नीति तथा कार्यक्रममा पर्याप्त छलफल गर्ने समय हुने र सोही आधारमा बजेट प्रस्ताव गर्न सहज हुने विश्वास व्यक्त गरे । विकास आयोजना निर्माण, बजेट विनियोजन तथा कार्यान्वयनका क्रममा तीन तहबीच उचित समन्वय हुन नसक्दासमेत कतिपय समस्याहरु सिर्जना भएको जिकिर गर्दै उनले सङ्घ, प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुने आयोजनाको वर्गीकरणको आधार तथा मापदण्ड निर्धारण गर्ने उद्देश्यले आयोजना वर्गीकरणको आधार तथा मापदण्ड निर्देशिका, २०८० जारी गरिएको बताए ।

प्रधानमन्त्री दाहालले आगामी आर्थिक वर्षमा तीन तहबीच राजस्व बाँडफाँटका सूचक पुनरावलोकन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले कार्य प्रारम्भ गरेको जानकारी दिए । 'वित्त आयोगले सरकारलाई पाँच वर्षका लागि राजस्व बाँडफाँटसम्बन्धी सिफारिस गरेबमोजिम काम भइरहेको छ' उनले भने, 'यसबीचमा तीन तहबीच राजस्व बाँडफाँटका सम्बन्धमा उठेका विभिन्न सवाल र अनुभवसमेत समेटेर विद्यमान मापदण्डलाई थप वस्तुनिष्ठ, व्यावहारिक एवं वैज्ञानिक बनाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ बमोजिम आगामी आर्थिक वर्षमा बाँडफाँटका सूचक पुनरावलोकन गर्न आयोगले कार्य प्रारम्भ गरिसकेको छ ।'

**स्रोतको न्यायोचित वितरण सुनिश्चित गरिने**

प्रधानमन्त्री दाहालले आगामी दिनमा तीन तहबीच स्रोतको न्यायोचित वितरण सुनिश्चित हुने उल्लेख गर्दै तहगत सरकारबीच प्राकृतिक स्रोतको बाँडफाँट तथा उपयोगका सन्दर्भमा देखिएका विवाद समाधान गर्न प्राकृतिक स्रोत परिचालनसम्बन्धी एकीकृत कानुनको मस्यौदा कार्य अगाडि बढाइएको बताए । वित्तीय सङ्घीयतालाई थप सुदृढ गर्न सरकारले गम्भीरतापूर्वक कार्य अघि बढाएको बताउँदै प्रधानमन्त्री दाहालले यसै साता वित्तीय सङ्घीयताका क्षेत्रमा अवलम्बन गरिएका अभ्यासलाई संविधानको मर्मअनुरूप सुदृढ गर्न राष्ट्रिय समन्वय समिति एवं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा छलफल गरिएको जानकारी गराए ।

'प्रदेश र स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणसम्बन्धी कार्य थप प्रभावकारी समन्यायिक र सन्तुलित बनाउँदै लगिनेछ', प्रधानमन्त्री दाहालले भने, 'हाल प्रदान गरिँदै आएका चार प्रकारका अनुदानमध्ये समानीकरण अनुदानलाई क्रमशः वृद्धि गर्ने, सःशर्त अनुदानलाई घटाउँदै जाने नीति सरकारले लिनेछ । समपूरक र विशेष अनुदानलाई समेत थप प्रभावकारी बनाउँदै लगिनेछ ।'

तीन तहबीच राजस्वको अधिकारका सम्बन्धमा सङ्घीयता कार्यान्वयनका लागि गठन भएका विभिन्न उच्चस्तरीय संरचनाको नियमित बैठकमा आएका सुझावसमेत ध्यानमा राखेर वित्तीय सङ्घीयतालाई प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पहल भइरहेको प्रधानमन्त्री दाहालको भनाइ थियो । उनले भने, 'हाल प्रचलित अन्तरसरकारी वित्त व्यवस्थापन ऐनलाई समसामयिक बनाउन संशोधनको प्रक्रियासमेत अघि बढेको छ । यसले तीन तहबीच राजस्व बाँडफाँटमा देखिएका विद्यमान समस्या समाधान गर्नेछ ।' प्रधानमन्त्री दाहालले सङ्घीयताको मूल मर्म तीनवटै तहबीच अधिकार र स्रोतको समन्यायिक अभ्यास र वितरण भएको उल्लेख गर्दै तहगत अन्तरसम्बन्ध र समन्वयसँग जोडिएका समस्या सम्बोधन नगरी सङ्घीयताको सही अभ्यास गर्न नसकिने बताए । सङ्घीयता कार्यान्वयनलाई सरकारले गम्भीरतापूर्वक लिँदै अन्तरप्रदेश समन्वय तथा कार्यविस्तृतीकरणका विषय टुङ्ग्याउने र राष्ट्रियसभाको सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका निर्देशन कार्यान्वयनमा रहेको प्रधानमन्त्री दाहालले जानकारी गराए । सङ्घीय प्रणालीलाई व्यवस्थित तथा सुदृढ गर्न आवश्यक ऐन तर्जुमा गर्ने विषयमा सरकार गम्भीर रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले संविधान जारी भएपछि सङ्घीयता र मौलिक हकलाई कार्यान्वयन गर्न १९२ नयाँ ऐन जारी भई सोअन्तर्गत नियमावलीसमेत तयार भई कार्यान्वयनमा रहेको जानकारी दिए ।

**एक्काइस विधेयक पेस गर्ने तयारी**

प्रधानमन्त्री दाहालले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले सहमति दिएका तर सङ्घीय संसद्मा पेस हुन बाँकी विधेयकको संख्या २१ रहेका जानकारी दिदै सात विधेयक कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा तर्जुमा सहमतिका क्रममा रहेका स्पष्ट गरे । प्रहरी समायोजन ऐनको कार्यान्वयनका लागि आवश्यक रहेको सङ्घीय प्रहरीसम्बन्धी विधेयक, सार्वजनिक खरिद ऐन, जग्गा प्राप्तिसम्बन्धी ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुसम्बन्धी ऐन, भूमिसँग सम्बन्धित ऐनमा संशोधनसम्बन्धी विधेयक तर्जुमाको अन्तिम चरणमा रहेको प्रधानमन्त्री दाहालले बताए ।

# मन्त्री फेरिँदैमा सरकारको नीति परिवर्तन हुँदैनः अर्थमन्त्री

**रासस**
**काठमाडौँ ।**

अर्थमन्त्री वर्षमान पुनले निवर्तमान अर्थमन्त्री डा प्रकाशशरण महतको कार्यकालमा तय भएका सकारात्मक कार्यक्रममा कुनै परिवर्तन नहुने जानकारी दिएका छन् । विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलङ्का देशीय निर्देशक फारिस हदाद जर्भोससँग शुक्रबार मन्त्रालयमा भएको भेटमा उनले मन्त्री फेरिँदैमा सरकारको नीतिमा तात्विक परिवर्तन नहुने बताए ।

निवर्तमान अर्थमन्त्री डा महतले संसद्मा प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटको सिद्धान्त र प्राथमिकताको स्वामित्व लिएर आफूले त्यो सन्देश दिइसकेको उनको भनाइ थियो । 'मन्त्री फेरिँदैमा नीतिमा धेरै परिवर्तन गर्नु हुँदैन । राज्यको नीतिमा स्थायित्व चाहिन्छ' उनले भने, 'कतिपय कोणबाट मलाई सिद्धान्त र प्राथमिकतामा हेरफेर गर्न सुझाव पनि आएको हो । तर मैले त्यसो गर्नु उपयुक्त ठानिन ।' सिद्धान्त र प्राथमिकताबारे सङ्घीय संसद्का दुवै सदनमा सांसदले हरेक प्रश्नको जवाफ दिएको र जस्ताको तस्तै पारित भएको मन्त्री पुनले बताए । आगामी १६ र १७ वैशाखमा निर्धारण गरिएको तेस्रो लगानी सम्मेलन र असारमा काठमाडौँमा हुने विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय विकास सङ्घ (आइडिए) बैठक तोकिएकै समयमा हुने जानकारी पनि उनले जानकारी दिए । मन्त्री पुनले पूर्वनिर्धारित कार्यतालिकाअनुसार नै ती कार्यक्रम हुने सन्देश विश्व बैंक मुख्यालयसम्म पुर्याइदिन आग्रह गरेको उनको सचिवालयले जनाएको छ ।

फरक प्रसङ्गमा मन्त्री पुनले मिलेनियमन च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए नेपाल)मार्फत हाल सञ्चालित आयोजना पाँच वर्षभित्रै सक्ने प्रतिबद्धता जनाए । त्यस क्रममा मन्त्री पुनले नेपाल पुँजीगत खर्च बढाउन प्रयासरत रहेको बताए । बिहीबारसम्म चालु आर्थिक वर्षका लागि विनियोजित पुँजीगत बजेटको ३० प्रतिशत खर्च भएको उल्लेख गर्दै अर्थमन्त्री पुनले राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुँजीगत खर्च बढाउन मन्त्रीहरू र प्रशासनिक नेतृत्वलाई निर्देशन दिएको जानकारी दिए । 'प्रधानमन्त्रीले स्पष्ट रूपमा हामी सबै मन्त्री र सम्बद्ध निकायलाई निर्देशन दिनुभएको छ', मन्त्री पुनले भने, 'मैले पनि सबै मन्त्रालय र निकायलाई पुँजीगत खर्च बढाउनुस् भनेको छु । स्रोत नपुगेको भए अर्थ मन्त्रालयलाई भन्नुस् ।'आगामी सन् २०२६ भित्र नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति भइसक्ने विश्वास अर्थमन्त्री पुनले व्यक्त गरे । त्यसका लागि आवश्यक योजना, नीति तथा कार्यक्रम तय गर्नुका साथै कानुनी सुधार र लगानीका नयाँ ढोका खोल्न क्रियाशील रहेको उनको भनाइ थियो । नेपालको आन्तरिक स्रोतले मात्र विकासमा फड्को मार्न नसकिने भएकाले सहुलियतपूर्ण कर्जामा जोड दिएको स्पष्ट पारे ।

अर्थमन्त्री पुनले गेमचेन्जर आयोजनाका रूपमा रहेको एक हजार दुई सय मेगावाटको बुढीगण्डकी जलासययुक्त जलविद्युत् आयोजना आन्तरिक स्रोतबाटै निर्माण गर्ने तयारी अघि बढेको बताए । जवाफमा विश्व बैंकका देशीय निर्देशक जर्भोसले नेपालको विकास प्रयासमा विश्व बैंकले विगतदेखि नै सहायता गर्दै आएको उल्लेख गर्दै सहयोगले निरन्तरता पाउने प्रतिबद्धता जनाए ।माथिल्लो अरुण अर्धजलासययुक्त जलविद्युत् आयोजना र दूधकोशी जलासययुक्त आयोजनामा विश्व बैंक र एसियाली विकास बैंकले लगानीको प्रतिबद्धता जनाएको भन्दै उनले छिट्टै वित्तीय व्यवस्थापन टुङ्ग्याउनेगरी काम अघि बढाउनुपर्नेमा जोड दिए ।

**श्री काली जनज्योति राष्ट्रिय आधारभूत विद्यालय**
**शान्तिपुर–४, धनुषा, नेपाल**
**प्रकाशित मिति २०८०/१२/१७**
यस बिद्यालयबाट तपसिल बमोजिमका निर्माण कार्यका बोलपत्र आव्हान को सूचना अनुसार पर्न आएका बोलपत्रहरुको प्राविधिक मूल्याङ्कनमा सफल भई खोलिएको आर्थिक प्रस्ताव मध्ये सवै भन्दा कम मूल्य कवोल गर्ने सारभूतरुपमा प्रभावग्राही र E-bidding मार्फत बोलपत्र गरेकोले तपसिल बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतको लागि छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजन बमोजिम सम्बन्धित सवैको लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।
**तपसिलः**

| सि.नं. | ठेक्का नं. | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल अकं (मू.अ.कर र PS बाहेक) | कै. |
|---|---|---|---|---|
| 1 | 01/KSC/NCB/works/ 2080/081 | MATAJI NIRMAN SEWA JANAKPUR -09, | Rs. 6,985,812.00 | |

**प्रधानाध्यापक**

# ईडीको हिरासतमा 'मफलरम्यान' केजरीवाल



अफरोज अर्पण
arpan.afroz786@gmail.com

*दिल्लीको कथित मदिरा नीति घोटालाको मुद्दामा अदालतले बिहीबार मुख्यमन्त्री अरविन्द केजरीवालको हिरासत अवधि १ अप्रिलसम्म बढाएको छ । यसको मतलब अरविन्द केजरीवाल अब सोमबारसम्म यस मुद्दामा प्रवर्तन निदेशालय(ईडी)को हिरासतमा रहनेछन् । अब यस मुद्दाको सुनुवाइ सोमबार हुनेछ । ईडीले मुख्यमन्त्री केजरीवाललाई सात दिनको हिरासत मागेको थियो तर अदालतले उनलाई सोमबार बिहान ११.३० बजे अदालतमा पेश गर्नुपर्ने बताएको छ ।*



**विवादास्पद मदिरा नीति**

दिल्लीका मुख्यमन्त्री र आम आदमी पार्टी(आप)का राष्ट्रिय संयोजक अरविन्द केजरीवाललाई दिल्लीको अन्तःशुल्क नीतिमा भएको कथित घोटालाको आरोपमा ईडीले पक्राउ गरेको थियो । ईडीले धेरै पटक समन पठाएपछि पनि केजरीवाल हाजिर भएन र मार्च २१ बिहीबार साँझ ईडीले मुख्यमन्त्रीको दिल्लीस्थित निवासमा पुगेर उनलाई पक्राउ गरेको हो । प्रवर्तन निदेशालय (ईडी) ले दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल रक्सी घोटाला मामिलामा मुख्य 'षड्यन्त्रकारी' भएको बताएको छ । केजरीवालको दलले नयाँ मदिरा नीतिले कालोबजारी नियन्त्रण गर्ने, राजश्व बढाउन सघाउने र मदिरा बेच्ने अनुमति समान रूपमा वितरण हुने सुनिश्चित गर्ने बताएको थियो । तर पछि दिल्लीका उपराज्यपाल विनय कुमार सक्सेनाले आपले ठूला मदिरा व्यवसायीलाई फाइदा पुग्ने गरी नियमको दुरुपयोग गरेको आरोप लगाएपछि त्यसलाई फिर्ता लिइएको थियो । सङ्घीय सरकारले नियुक्त गरेका सक्सेना र दिल्ली सरकारबीच विवादास्पद अन्तःशुल्कसम्बन्धी नीतिको विषयमा त्यसअघि पनि कैयौँ पटक विवाद भएको थियो । सक्सेनाले आरोप लगाएपछि सङ्घीय सरकारले उक्त नीति र त्यसको दुरुपयोग गरेर आप नेताहरूले घुस लिएको आरोपबारे अनुसन्धान सुरु गरेको थियो ।

**सरकार र पार्टीमा संकट उत्पन्न**

केजरीवालको गिरफ्तारीपछि दिल्ली सरकार र पार्टीमा नेतृत्व संकट उत्पन्न भएको छ । दिल्ली सरकारका शिक्षा मन्त्री आतिशी मर्लेना सिंह (आतिशी) ले भनिन, 'सरकार पहिले पनि चलिरहेको थियो, आज पनि चल्छ र भविष्यमा पनि चल्नेछ । अरविन्द केजरीवाल मुख्यमन्त्री थिए, छन् र रहिरहनेछन् ।'

ईडीले आफ्नो भर्खरको रिमान्ड याचिकामा भनेको थियो कि उनको हिरासतमा सोधपुछको क्रममा उनको बयान पाँच दिनको लागि रेकर्ड गरिएको थियो । ईडीले उनले प्रश्नहरूको जवाफ दिन ढिला गरेको आरोप लगाएको छ । यस क्रममा केजरीवालले अदालतलाई भने कि उनी रिमान्डको विरोध गर्दैनन्, बरु उनी ईडीले लगाएको आरोपको सम्पूर्ण अनुसन्धानका लागि तयार छन् । उनले भने, 'वास्तविक घोटाला ईडीको अनुसन्धान पछि भयो । एउटा उद्देश्य पार्टीलाई कुचल्नु थियो । आम आदमी पार्टी(आप) भ्रष्ट छ भन्ने वातावरण बनाउनु ।' केजरीवालले आरोप लगाए, 'शरद रेड्डीको मुद्दामा शरद रेड्डीलाई दुई कारणले जमानत मिलेको थियो । सबैभन्दा पहिले शरद रेड्डीले मेरो विरुद्धमा बयान दिए र गिरफ्तार गरेपछि शरद रेड्डीले भाजपालाई ५५ करोड रुपैयाँ दिए । उनको गिरफ्तारीपछि ५५ करोड रुपैयाँको बोन्ड शरद रेड्डीले किनेका थिए र त्यसपछि उनले जमानत पाएका थिए । यसले मनी ट्रेल प्रमाणित गर्छ । सम्पूर्ण अनुसन्धानको उद्देश्य एकातिर आम आदमी पार्टीलाई कुचल्नु थियो ।' भारतीय समाचार एजेन्सी पीटीआईका अनुसार केजरीवाललाई अदालतमा हाजिर गर्नुअघि दिल्लीका उपराज्यपाल वीके सक्सेनाले दिल्ली सरकार जेलबाट चलाइने छैन भन्ने भनाइमा उनको राय सोधिएको थियो । यसमा केजरीवालले यो राजनीतिक षड्यन्त्र हो, जनताले यसको जवाफ दिने बताएका छन् । उनले अदालतलाई भने, 'एक सय करोडको घोटाला भएको आरोप लागेको छ तर सर्वोच्च अदालतका न्यायाधीश संजीव खन्नाले मनी ट्रेलको कुनै प्रमाण नभएको बताएका छन् ।' केजरीवालले भने, 'यो मुद्दा दुई वर्षदेखि चलिरहेको छ । पहिलो सीबीआई मुद्दा अगस्त १७ , २०२२ मा दर्ता गरिएको थियो र ईडीले अगस्ट २२ मा मुद्दा दर्ता गर्यो ।'

उनले भने, 'म पक्राउ परेको छु । न त मलाई कुनै अदालतले दोषी घोषित गरेको छ, न त म विरुद्ध कुनै मुद्दा नै परेको छ । न त ममाथि कुनै अभियोग नै लगाइएको छ, न कुनै अभियोग नै लगाइएको छ ।' 'अहिलेसम्म, यस मामलामा, सीबीआईले अदालतमा ३१,००० पृष्ठहरू दायर गरेको छ र २९४ साक्षीहरू जाँचेको छ । ईडीले लगभग १६२ साक्षीहरू जाँचेको छ र २५००० पृष्ठहरू दायर गरेको छ । यी सबै साक्षी र कागजातहरू संयोजन गरेपछि मलाई किन पक्राउ गरियो ? उनले भने, 'चार अभियुक्तको बयानका आधारमा उनको गिरफ्तारी भएको थियो, जो पछि साक्षी बने र त्यसपछि माफी दिइयो । के यी चार जनाको बयान सत्तारुढ मुख्यमन्त्रीलाई पक्राउ गर्न पर्याप्त छ ? यदि मदिरा घोटाला भएको छ भने, कहाँ छ पैसा ? कहाँ गयो पैसा गयो ?'

**केजरीवाल पक्राउको विरोध**

अरविन्द केजरीवालको गिरफ्तारीको विपक्षी नेताहरूले एकमतले आलोचना गरेका छन् । जसका विरुद्ध केजरीवालले आफ्नो राजनीतिक इनिङ्स सुरु गरे, कांग्रेस र उसका सहयोगीहरूले उनलाई समर्थन गरेका छन् । लगभग सबै विपक्षी नेता र दलहरूले उनीसँग ऐक्यबद्धता जनाएका छन् । उनी र अन्य विपक्षी दलहरूले भाजपाले सङ्घीय सरकारका निकायहरू प्रयोग गरेर आफूहरूलाई निसाना बनाएको आरोप लगाउँदै आएका छन् । भारतको केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) ले गत वर्ष फेब्रुअरीमा मदिरासम्बन्धी नीति आएपछि केही निश्चित 'कार्टेल'हरूलाई साथ दिएको भन्दै केजरीवालका सहायक मनीष सिसोदियालाई पक्राउ गरेको थियो । त्यसै गरी आपका सांसद सञ्जय सिंहलाई गएको अक्टोबरमा पक्राउ परेका थिए । उनीमाथि उक्त नीतिबाट लाभ लिएका ठूला मदिरा व्यवसायीका बिचौलियामार्फत् रकम लिएको आरोप थियो ।

**भ्रष्टाचार विरोधी आन्दोलनको शिल्पकार**

अक्टोबर २, २०१२ मा, केजरीवाल आधा बाहुलाको शर्ट, लूज प्यान्ट र टाउकोमा 'म एक आम मानिस' टोपी लगाएर दिल्लीको कन्स्टिट्युशन क्लबमा मञ्चमा आएका थिए । पछाडी बसेका मनिष सिसोदिया, प्रशान्त भूषण, योगेन्द्र यादव, कुमार विश्वास, गोपाल रायलगायत भ्रष्टाचार विरुद्धको




आन्दोलनमा उनको साथमा थिए । राजनीतिमा प्रवेशको घोषणा गर्दै केजरीवालले भने, 'आज यस मञ्चबाट हामी चुनाव लड्ने घोषणा गर्न चाहन्छौं ।'

भ्रष्टाचार विरुद्धको आन्दोलनलाई राजनीतिक दलमा परिणत गरिसकेपछि केजरीवालले चुनाव लडेर जित्ने मात्र होइन, तेस्रो पटक दिल्लीको चुनाव जितेर केजरीवालसँग 'मोदी जादु'को समाधान रहेको देखाएको छ । केजरीवाल, एक भारतीय राजश्व सेवा अधिकारी र एक आईआईटी विद्यार्थी, २०११ मा भ्रष्टाचार विरोधी आन्दोलनमा आफ्नो राजनीतिक मैदान तयार गरेका थिए । २००२ को प्रारम्भिक महिनाहरूमा, केजरीवालले भारतीय राजश्व सेवा



छोडेर दिल्लीको सुन्दर नगर क्षेत्रमा सक्रियता गर्न थाले । केजरीवालले 'परिवर्तन' नामक गैर–सरकारी संस्था स्थापना गरेर आफ्ना केही साथीहरूसँग मिलर जमिनी परिवर्तन ल्याउन चाहन्थे । उनको पहिलो प्रमुख मान्यता २००६ मा आएको थियो जब उनलाई 'इमर्जिङ लिडरशिप' को लागि रामन म्यागसेसे पुरस्कार दिइयो । त्यतिबेला अरविन्द केजरीवालसँग सम्बद्ध रहेका र अहिलेसम्म उनीसँग काम गरिरहेका अमित मिश्रा भन्छन्, 'अरविन्द एकदमै सीधा थिए, आवश्यक पर्ने कामको बारेमा स्पष्ट बोल्थे, यदि र इफ–बटको कुनै गुंजाइ थिएन, हो, उनी तर्कसंगत कुरा गर्थे ।'

सन् २०१० मा दिल्लीमा भएको राष्ट्रमण्डल खेलकुद आयोजनामा भएको कथित घोटालाको खबर मिडियामा आएपछि जनतामा भ्रष्टाचारविरुद्ध आक्रोश बढ्दै गएको थियो । सामाजिक सञ्जालमा भारत अगेंस्ट करप्शन अभियान सुरु भयो र केजरीवाल यसको अनुहार बने । अप्रिल २०११ मा, गान्धीवादी सामाजिक कार्यकर्ता अन्ना हजारेले भ्रष्टाचार विरुद्ध जनलोकपालको माग गर्दै दिल्लीको जन्तर मन्तरमा विरोध प्रदर्शन सुरु गरे । मञ्चमा अन्ना र केजरीवाल पछाडि थिए । यो आन्दोलनमा देशका विभिन्न भागबाट युवाहरु जोडिए । दिन प्रतिदिन भ्रष्टाचार विरुद्ध जनताको आक्रोश र प्रदर्शनमा भीड बढ्दै गयो । त्यतिबेला केजरीवाल भ्रष्टाचार विरोधी आन्दोलनको शिल्पकार बनेका थिए । त्यसपछि अगस्ट २०११ मा दिल्लीको रामलीला मैदानमा जनलोकपालका लागि अन्ना हजारेको ठूलो आन्दोलन सुरु भयो । टाउकोमा 'म अन्ना हुँ' भन्दै टोपी लगाएर भीड जम्मा हुन थाले । त्यतिबेला केजरीवाल क्रान्तिको अनुहार बने । उनलाई पत्रकारहरुले घेरेर बस्न थाले, उनको अन्तर्वार्ता टिभीमा चल्न थाल्यो । तर आन्दोलनले केजरीवालले चाहेको कुरा हासिल गर्न सकेन । केजरीवालले दिल्लीका विभिन्न क्षेत्रमा ठूला सभा गर्न थाले । उनी मञ्चमा आएर नेताहरुलाई गाली गर्थे । उनको छवि प्रणालीबाट निराश र परिवर्तन चाहने क्रोधित युवाको जस्तो भयो । देशका हजारौं युवाहरु उनीसँग जोडिएका थिए । त्यसपछि केजरीवालले जुलाई २०१२ मा जन्तर मन्तरमा आफ्नो पहिलो ठूलो विरोध सुरु गरे । मुद्दा पनि भ्रष्टाचार र जनलोकपालको थियो । सडक संघर्षलाई आफ्नो पहिचान बनाएका केजरीवालले आफ्नो १० दिने अनशन अन्त्य गर्दै भने, 'हामी सानो लडाइबाट ठूलो लडाइमा जाँदैछौँ, संसद शुद्ध गर्नुपर्छ ।' सुरुमा केजरीवाल राजनीतिमा आउन रुची देखाएका थिएनन् । तर उनको भ्रष्टाचारविरुद्धको अभियानले गति लिन नसकेपछि उनी राजनीतिमा आउन बाध्य भए । उनी अभियानीहरुसँगको छलफलमा अब पार्टी बनाएर चुनावी राजनीतिमा प्रवेश गर्ने स्पष्ट पारे ।

**राजनीतिमा केजरीवालको प्रवेश**

२६ नोभेम्बर २०१२ मा, केजरीवालले आफ्नो पार्टीको औपचारिक गठनको घोषणा गरे । केजरीवालले आफ्नो पार्टीमा कुनै हाईकमान्ड नहुने र जनताको पैसाबाट जनताको मुद्दामा चुनाव लड्ने बताएका थिए । आफ्ना स्वयंसेवकहरूको बलमा केजरीवालले २०१३ मा दिल्ली विधानसभा चुनाव लडे । राजनीतिमा डेब्यु गरेको उनको पार्टीले २८ सिट जितेको थियो । केजरीवाल आफैंले नयाँ दिल्ली सिटबाट तत्कालीन सीएम शीला दीक्षितलाई २५ हजारभन्दा बढी मतले पराजित गरेका थिए । तर उनले शीला दीक्षितको कांग्रेस पार्टीसँग मिलेर सरकार बनाउनुपर्ने भयो । केजरीवाल दिल्ली मेट्रो चढेर सपथ लिन रामलीला मैदान पुगेका थिए ।

सपथ ग्रहणपछि केजरीवालले भारत माता की जय, इन्कलाब जिन्दाबाद र वन्दे मातरमको नारा लगाए र भने, 'सपथ लिने अरविन्द केजरीवाल होइन, आज दिल्लीका हरेक नागरिकले मुख्यमन्त्रीको शपथ लिएका छन् । यो लडाई मुख्यमन्त्री बनाउनको लागि थिएन । यो लडाई जनतालाई सत्ता हस्तान्तरण गर्नको लागि थियो ।' सपथ लिएको केही दिनपछि केजरीवाल दिल्ली प्रहरीमा भएको कथित भ्रष्टाचारविरुद्ध रेल भवन बाहिर धर्नामा बसेका थिए । दिल्लीको चिसोमा कम्बलमुनि लुकेर बसेका केजरीवालले भ्रष्टाचारको विरुद्धमा बोल्दा जनतालाई उनीहरुको बारेमा बोल्ने कोही छ जस्तो लाग्यो । केजरीवालको यो सरकार ४८ दिन मात्र टिक्न सक्छ । तर, यी ४८ दिनमा दिल्लीले राजनीतिको नयाँ युग देखेको छ । केजरीवाल जतिसक्दो चाँडो जनकोपाल विधेयक पारित गर्न चाहन्थे । तर गठबन्धन सरकारको साझेदार कांग्रेस त्यसका लागि तयार थिएन । अन्ततः १४ फेब्रुअरी २०१४ मा केजरीवालले दिल्लीको मुख्यमन्त्री पदबाट राजीनामा दिए र फेरि सडकमा आए । केजरीवालले भने, 'मलाई सत्ताको लोभ भएको भए मुख्यमन्त्री पद छाड्ने थिएन । मैले सिद्धान्तका आधारमा मुख्यमन्त्रीको पद छोडेको छु ।' केही महिनापछि मात्रै लोकसभा चुनाव हुन लागेको थियो । नरेन्द्र मोदीलाई चुनौती दिन केजरीवाल बनारस पुगेका थिए । बनारसमा केजरीवाल तीन लाख ७० हजारभन्दा बढी मतले हारे । राजनीतिमा लामो दौडका लागि पहिले सानो क्षेत्रमा अभ्यास गर्नुपर्छ भन्ने उनलाई थाहा थियो । उनले फेरि दिल्लीमा आफ्नो मन अडयाए ।

**दिल्लीमा आपको क्लिन स्वीप**

केजरीवालले पूर्णतया आम मानिसको रूप अपनाए । उनी सादा लुगा लगाएर वागनआर कारमा यात्रा गर्थे । र यसै क्रममा खोकी लाग्दा केजरीवालको मफलरम्यानको रूप सामने आयो । आफ्नो घाँटीमा मफलर लगाएर, केजरीवालले दिल्लीमा जहाँ ठाउँ पाउन सकिन्छ त्यहाँ सार्वजनिक सभाहरू गर्थे । दिल्लीमा भएको विधानसभा चुनावमा केजरीवालले दिल्लीका जनतासँग पूर्ण बहुमत मागेका थिए र जनताले उनलाई ऐतिहासिक जित दिएका थिए । ७० सिटमध्ये ६७ सिट जितेर केजरीवालले १४ फेब्रुअरी २०१५ मा दिल्लीको मुख्यमन्त्रीको रूपमा फेरि शपथ लिए । उनले दिल्लीको स्वास्थ्य, शिक्षा र अन्य सार्वजनिक सेवाहरूमा पाँच वर्ष काम गरे । बीचमा उनले केन्द्र सरकारले सहयोग नगरेको आरोप लगाए । निःशुल्क बिजुली र पानी उपलब्ध गराउने जस्ता लोककल्याणकारी योजनाहरू लागू गरियो । बारम्बार उनले आफूलाई इमान्दारको रूपमा प्रमाणित गरे । २०२० मा भएको विधानसभा चुनावमा आपले ७० मध्ये ६२ सिटमा जित हासिल गर्दा केजरीवाल तेस्रो पटक मुख्यमन्त्री बने । तर यी सबै बीचमा भ्रष्टाचार र जनलोकपालको मुद्दा कतै हराएको छ । दिल्लीमा भ्रष्टाचार कति कम भयो भन्ने दिल्लीवासीलाई थाहा छ । अहिले धेरैलाई जनलोकपालको नाम पनि याद छैन । र, राजनीतिमा कहिल्यै नआउने भनाइ दिएका केजरीवाल अहिले राष्ट्रिय नेताको हैसियतमा पुगेका छन् । उनले आफू सामान्य मानिसजस्तै बाँच्ने र रातो बत्ती प्रयोग नगर्ने बताएका थिए । तर उनले मुख्यमन्त्री निवासमा बस्न स्वीकार गरे र वैगनआरलाई लग्जरी कारले विस्थापित गरे । पार्टी गठन गर्दा उनले यसमा कुनै हाईकमान्ड नहुने, अहिले आफू मात्र हाईकमान्ड भएका छन् । पार्टीमा आफ्नो कद बराबर गर्न सक्ने नेताहरू एक एक गरेर बाहिरिए वा निष्कासन भए । दिल्ली बाहेक पञ्जाबमा आम आदमी पार्टीको पूर्ण बहुमतको सरकार छ । हालै चण्डीगढ नगरपालिकाको चुनावमा पनि पार्टीले ठूलो सफलता हात पारेको छ । केजरीवालले भारत गठबन्धनमा साझेदार बनेर २०२४ को लोकसभा चुनावमा आफ्नो पार्टीलाई राष्ट्रिय स्तरमा बलियो बनाउने आशा गरेका थिए । अब यो गिरफ्तारीले उनको राजनीतिक भविष्यमा कस्तो प्रभाव पार्छ त्यो भने हेर्न बाँकी छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन